# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## जयपृथ्वी नगरपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण निर्देशनालय**
**(सुदूरपश्चिम प्रदेश)**

पत्र संख्याः २०७८।७९
च.नं.३४२

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
जयपृथ्वी नगरपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.७ करोड ६५ लाख ८६ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१८ लाख ५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६ करोड ४६ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.६० लाख ४३ हजार र पेश्की रु.४१ लाख २५ हजार रहेको छ ।पालिकाको गत वर्षसम्म रु.९ करोड ६६ लाख ३२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१४ करोड ५० लाख ४९ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

जयपृथ्वी नगरपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६६ | ३५ | ७६५८६ | ० | ० | ० | ६६ | ३५ | ७६५८६ | १८०५ | ६०४३ | ६४६१३ | ० | ० | ७०६५६ | ४१२५ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ९६६३२ | ० | २८१६९ | ६८४६३ | ० | ७६५८६ | १४५०४९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : जयपृथ्वी नगरपालिका, बझाङ , जयपृथिवी नगरपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Mangal Bahadur Shahi | २०७७-४-१ | २०७८-१०-२८ |
| कार्यालय प्रमुख | अम्मर राज जोशी | २०७८-११-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Kumbha Bahadur Khati | २०७७-४-१ | २०७८-१-२ |
| लेखा प्रमुख | गोविन्द बहादुर विष्ट | २०७८-१-२ | |
| | | **बेरुजु रकम** | ७६,५८६,०७४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,३०,२९,९७२.४४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५,९२,५९,०२० | **चालु खर्च** | ३३,७८,०५,५९८ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५२,९४,००० | **पूँजीगत खर्च** | १७,०७,६२,४९६ |
| **राजश्व बाँडफाँट** | ६,७३,०३,३२४.०४ | **वित्तीय/अन्य व्यवस्था** | ११,८६,९३,५६३.८ |
| **आन्तरिक आय** | १,९६,७५,५३८.०३ | | |
| **अन्य आय** | ९,६७,८४,८३८.४६ | | |
| **कुल आय** | ६७,८३,१६,७२०.५३ | **कुल खर्च** | ६२,७२,६१,६५७.८ |
| **बाँकी मौज्दात** | | १२,४०,८५,०३५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५६ सभा सदस्य, १६६.७९ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार १९१ जनसंख्या रहेको छ ।<br>**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | |
| २ | | | **बैक हिसाब मिलान गरे नगरेको-**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्ने हुन्छ । प्राप्त विवरण अनुसार स्रेस्ता र बैङ्क अनुसारको मौज्दात निम्नानुसार देखियो । जस अनुसार श्रावण १५ सम्मको बैँक स्टेटमेन्ट अनुसार बैँक बाँकी रु.१२४११४४९८.० देखिन्छ । श्रेस्ता अनुसार भन्दा बैँक अनुसार बाँकी रु.२९४६३.३३ कम देखिएको हिसाब मिलान विवरण गर्नुपर्ने रु. | २९,४६३.३३ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७8 असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७8 असार मसान्तको बाँकी | कैफियत |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | १०३७१६५३४.५ | ८६६२५.० | ८६६२५ |
| २ | आन्तरिक राजश्व खाता | 0 | १९१८६१६०.०३ | १९१८६१६०.०३ |
| ३ | राजश्व बाडफाडबाट प्राप्त आय | 0 | ३०७३६८.८६ | ३०७३६८.८६ |
| ४ | आन्तरिक अनुदान खाता | 0 | ६०००.० | ६०००.० |
| ५ | चालु खाता | 0 | ४६०२४७४०.९७ | २७०२११५३.५९ |
| ६ | पूँजीगत खाता | 0 | ७४४५२२४१.० | ५६९८६२२६.९९ |
| ७ | कल्याण कोष तथा विविध कोष खाता | ६८४०१४०.० | ६८४०१४०.० | ६८४०१४०.० |
| ८ | प्रकोप व्य. कोष खाता | ७१२९६४५.१३ | ७१२९६४५.१३ | ७१३७१४५.१५ |
| ९ | विविध खर्च खाता | ८७९३०६.० | ८७९३०६.० | १०२४२७३.८० |
| १० | धरौटी खाता | ५५१९४०८.७७ | ४२९७४८०.७७ | ५५१९४०८.७७ |
| | **जम्मा** | **124085034.६७** | **१५९२०९७०८.०९** | १२४११४४९८.० |

३

**आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १८ ऐन, ५ नियमावली, २५ कार्यविधि २ निर्देशिका समेत ५६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिई आर्थिक वर्षको अन्तमा दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन स्थानीय लक्ष्य गन्त्वय र सूचकहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल-**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ५ | | | **कानून र सञ्चालन स्थिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४८ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म १८ वटा ऐन, ५ वटा नियमावली, २५ वटा कार्यविधि लगायत ५६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ५६ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेको छ । तसर्थ उक्त कानूनहरुको कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| ६ | | | **कार्य सञ्चालन कार्यविधि-**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |

| क्र स | कार्यक्रमको नाम |
|---|---|
| १ | जनता सँगमेयरकार्यक्रम |
| २ | उपमेयर महिला उत्थानकार्यक्रम |
| ३ | युवा तथा खेलकुद कार्यक्रम |
| ४ | स्वच्छ खानेपानी तथा धुँवा रहित वडा घोषणा कार्यक्रम |

७ **न्यायिक समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप भएको ४७ गरी कूल ४९ विवाद दर्ता भएकोमा ४४ वटा मात्र फछ्यौंट भई ५ बाँकी देखिन्छ । ऐनले तोकेको म्यादभित्र न्याय सम्पादन गर्ने पद्वति विकास हुनु पर्दछ ।

८ **योजना र कार्यान्वयन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ८७ |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | ८६ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ९८ |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | ४० |
| ५ | ५० लाख भन्दा माथीका | ६ |
| | **जम्मा** | **३६०** |

९ **बजेटपेश, पारित र अख्तियारी-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुख श्री जुना जाग्रीले २०७७ असार १० गते रू ५२ करोड ९३ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७ असार १३ मा पारित भएको छ । तर स्थानीय तहको सुत्रमा विनियोजित बजेट रू. ६४ करोड ६४ लाख ३६ हजार प्रविष्टि भएकोमा आ.व. २०७८।७९ को बजेट साथ पेश गरेको देखियो ।

१० **चौमासिक पूँजिगत खर्च-**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ३३७८०५५९७।७१ | ९०७५९२७१।२७ | ८३१६१२१५।९९ | १६३८८५०१०।४५ | ६६५००२९८।८६ |
| पूँजिगत खर्चतर्फ | १७०७६२४९६।३६ | १२६२२२५५।०२ | २५१६४४७६।०१ | १३२९७५७६५।३३ | १०७३०७०९१।९३ |
| जम्मा | ५०८५६८०९४।०७ | १०३३८१५२६।२९ | १०८३२५६९२ | २९६८६०७७५।७८ | १७३८०७३९०।७९ |
| प्रतिशत | १०० | २०.३३ | २१.३ | ५८.३७ | ३४.१७५ |

उल्लिखित विवरण अनुसार पहिलो चौमासिकमा २०.३३ प्रतिशत, दोस्रो चौमासिकमा २१.३ प्रतिशत, तेस्रो चौमासिकमा ५८.३७ प्रतिशत र असार महिनामा मात्र ३४.१७ प्रतिशत खर्च गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने पद्धतिमा सुधार गरी सार्वजनिक खर्च व्यवस्थापनमा गुणात्मक सुधार ल्याउनु पर्दछ ।

११

**क्षेत्रगत बजेट र खर्च-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ६९५६१२७० | ४४६३७९३५ | ८.७५ |
| २ | पूर्वाधार विकास | १२१६३९५४२ | ७९१९५४६४ | १५.५४ |
| ३ | सामाजिक विकास | १७२८८२७०१ | १२२२५४७७२ | २३.९८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा बन वातावरण | १७१४३००३ | ११४६०२९५ | २.२५ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २७३११९७९५० | २५२२३१५८३ | ४९.४८ |
| | जम्मा | ६५४४२४४६६ | ५०९७८००४९ | १०० |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी अन्य कार्यालय संचालन तथा प्रशासनिकमा ४९.४८ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन तथा वन वातावरणमा २.२५ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१२ **खर्च विश्लेषण-**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. १९६७५५३८.०३ राजस्व बाँडफाँड र अनुदानबाट रू. ५२६५६२३४४.०४ समेत रू. ७५१३४६६९३.०५ आम्दानी भएकोमा चालु तर्फ रू. ३३७८०५५९७.७१ र पूँजिगत तर्फ रू. १७०७६२४९६.३६ समेत रू. ५०८५६८०९४।१० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.०९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१०४०३५००.० खर्च भएको छ जुन आन्तरिक आयको ५२.८८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.४२ प्रतिशत चालु र ३३.५८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकतम रुपमा पुँजि निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१३ **पूँजिगत बजेटमा चालु प्रकृतिका खर्च-** ५०६,५२५

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा पुँजिगत बजेटबाट चालु प्रकृतिको खर्च गर्न सकिने व्यवस्था छैन । पालिकाले देहाय अनुसारका चालु प्रकृतिका खर्च पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो । कन्टिन्जेन्सी वापतको रकमबाट खर्च लेखिएको देखिएन । रकमान्तर नगरी पुँजिगत शिर्षकबाट लेखिएको

| | | | | |
|---|---|---|---|---|
| | | | चालु खर्च नियमित गर्नु पर्ने रू | |

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | लुयाता आधारभूत विद्यालय | तलब खर्च | 225000.00 |
| २ | स्थानीय पाठ्यक्रम निर्माण कार्य | बैठक भत्ता | 281525.00 |
| | जम्मा | | 506525.00 |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **फरक शीर्षकगत लेखाङ्कन-**<br>एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तोकीए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ ।पालिकाले पेश गरेको वित्तीय विवरणमा निम्नानुसार फरक शिर्षकमा खर्च लेखाङ्कन गरी प्रतिवेदन तयार गरेकोले वित्तीय प्रतिवेदनले यथार्थ आर्थिक अवस्थाको चित्रण गर्दछ भन्न सकिने अवस्था रहेन । तोकिए बमोजिमको शिर्षकमा खर्च लेखाङ्कन गर्नु पर्दछ । | |

| खर्चको विवरण | रकम | लेखाङ्कन भएको आर्थिक संकेत | हुनुपर्ने संकेत | कैफियत |
|---|---|---|---|---|
| पदाधिकारीको सुविधा | 10700000.00 | २१११२ (पारिश्रमिक पदाधिकारी) | २११४२(पदाधिकारी अन्य सुविधा) | पदाधिकारीलाई मासिक पारिश्रमिक नभएर सुविधा प्राप्त हुने भएको । |
| प्रोफाईल निर्माणमा भएको खर्च | 1000000.00 | २११३५ (कर्मचारी प्रोत्साहन) | २२५२२ (कार्यक्रम खर्च) | प्रोफाईल निर्माण कार्यमक्रम भएको । |
| एचआईभी संक्रमितका लागि सहयोग, युवा संजाल कार्यक्रम,जेष्ठ नागरिक सम्मान कार्यक्रम | 190000.00 | २१२१९ (अन्य सामाजिक सुरक्षा) | २२५२२ (कार्यक्रम खर्च) | २१२१९ मा कर्मचारीसँग सम्बन्धित सामाजिक सुरक्षा समावेश हुने |
| सडक निर्माण | 700000.00 | ३११५२ (रेलमार्ग तथा हवाई मैदान निर्माण) | ३११५१ (सडक तथा पूल निर्माण) | |
| जम्मा | 12590000.00 | | | |

१५

**कन्टिन्जेन्सी खर्चको अभिलेख-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु २४०९०००.० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

१६

**कर्मचारी करार-**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७९ जना कर्मचारीहरु करारमा राखी रु.२०४३८०८०.० खर्च लेखेको छ । | |
| १७ | | | **कल्याण कोष-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२५०००००.० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| १८ | | | **वडा सचिवको पदपूर्ति-**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।<br>वडा संख्या<br><table><tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>११</td><td>११</td><td>११</td><td>०</td></tr></table> | |
| १९ | | | **स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कन-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २० | | | **सेवा प्रवाह-** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २०२२ |
| मृत्युदर्ता | १८७ |
| बसाईसराई दर्ता | ५५ |
| विवाह दर्ता | १६० |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **प'र्वाधार विकास सडक निर्माण** | ० |
| कालोपत्रे सडक निर्माण | ०मि. |
| कालोपत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण | कि.मि. |
| ग्राभेल सडक मर्मत | कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

| | | | | |
|---|---|---|---|---|
| २१ | | | **पदाधिकारी सुविधा-**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भए बमोजिमको दरमा यस पालिकाका ५६ नगर सभा सदस्यहरुको लागि सुविधा स्वरुप रू १०४०३५००।०० खर्च लेखेको देखियो । | |
| २२ | | | **न्यायिक सल्लाहकार तलव-**<br>कार्यालयबाट नियुक्त कर्मचारीहरुले नियमित रुपमा कार्यलय समयमा कार्यालयमा आइ नियमित कार्यसम्पादन गर्नुपर्ने हुन्छ । यसरी नियमित कार्यालयमा उपस्थित भइ कार्य गर्ने कर्मचारीहरुलाई मात्र नियमित तलब उपलब्ध गराउनुपर्दछ । यस पालिकाले कार्यालयको न्यायिक कार्यमा सहयोग गर्नेगरी एक जना स्थानीय कानून व्यववसायीलाई न्यायिक सल्लाहाकारका रुपमा नियुक्त गरि मासिक रु २५०००.० का दरले तलब उपलब्ध गराउने गरेकोमा निज सल्लाहाकारको कार्यालयमा हाजिरी रेकर्ड नभएको र नियमित कार्यालयमा उपस्थित नहुने गर्नुका साथै सम्पादित कार्य विवरण समेत पेश नभएकोले निजले सम्पालन गरेको काम, उपलब्ध गराएको न्यायिक सुझाव लगाएको विवरण पेश गर्नुपर्ने रु. | ३००,००० |
| २३ | | | **खाना तथा विविध खर्च-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१७६००००.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४ | | | **आर्थिक सहायता-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष ५७ व्यक्ति एवं संघ संस्थालाई रु.४००००००।- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २५ | | | **उपमेयर महिला उत्थान कार्यक्रम-**<br>५७६।२०७८/३/२३ आर्थिक कार्यविधि ऐन २०७६ मा खर्चको मापदण्ड तयार गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले उपमेयर महिला उत्थान कार्यक्रम मार्फत विभिन्न व्यवसाय गरि रहेका महिलाहरुलाई रु ७०००००.०० वितरण गरेकोमा कुनै मापदण्डलाई आधार लिइएको देखिएन ।निश्चित लक्ष्य र सुचकको आधारमा खर्च तथा अनुदान वितरण गरिनु पर्दछ । | |
| | | | | |

| | | | |
|---|---|---|---|
| २६ | | | **मापदण्ड वेगर खर्च-**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी स्वीकृत मापदण्डको आधारमा मितव्यायीता अपनाउनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न नाफामूलक सहकारी संस्था, क्लब तथा समुहहरुलाई निम्नानुसार रू ९७ लाख १ हजार अनुदान दिइएको छ । मापदण्ड वेगर निश्चित प्रयोजन नखुल्ने पालिकाको दिर्घकालिन योजनालाई सम्वोधन नहुने यस्ता खर्च मितव्ययी र प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिएकोले यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ। |

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| 68/11/25 | पञ्चदेव बहुउद्देश्यीय सहकारी संस्था | भवन निर्माण | 998421.00 |
| 188/3/20 | शहारा बचत तथा ऋण सहकारी संस्था | टनेल निर्माण | 400000.00 |
| 193/3/20 | ज्ञानज्योति यूवा क्लव | कार्यालय व्यवस्थापन | 400000.00 |
| 200/3/22 | सेती साइपाल यूवा क्लव | कार्यालय ब्यवस्थापन | 800000.00 |
| 57/11/7 | सृजनशील महिला समूह | भवन घेरवार | 300000.00 |
| 72/12/2 | प्रगतिशील महिला समूह | भवन निर्माण | 500000.00 |
| 118/12/30 | महिला सामुदायिक भवन निर्माण | भवन निर्माण | 550000.00 |
| 141/3/3 | दलित सामुदायिक भवन निर्माण | भवन निर्माण | 500000.00 |
| 163/3/13 | महिला सामुदायिक भवन निर्माण | भवन निर्माण | 199833.00 |
| 205/3/23 | महिला सामुदायिक भवन निर्माण | भवन निर्माण | 199476.00 |
| 27/10/19 | पतञ्जली योग समिति | भवन निर्माण | 1500000.00 |
| | मर्तली सामुदायिक भवन निर्माण | भवन निर्माण | 800000.00 |
| | पंचदेव महिला बहुउद्देयीयसहकारी संस्था | पिठो उत्पादन तथा बितरण | 200000.00 |
| | महिला कल्याण वचत तथा ऋण सहकारी संस्था लि. | सहकारि प्रवद्धन | 100000.00 |
| | कोपिला महिला बचत तथा ऋण सहकारी संस्था लि. | व्यवस्थापन | 150000.00 |
| | जालपा कृषक महिला बचत तथा ऋण सहकारी सस्था लि. | नेतृत्व बिकास तालिम | 150000.00 |

| | | | |
|---|---|---|---|
| | सहारा बचत तथा ऋण सहकारी संस्था लि. | व्यवस्थापन | 400000.00 |
| | आमधारा नौरा कृषि सहकारी संस्था लि. | गाडी मर्मत | 360000.00 |
| | नानन महिला कृर्षि सहकारी लि. | पोषण कार्यक्रम | 625000.00 |
| | भावना महिला बहुउद्देश्यीय सहकारी | सहकारी व्यवस्थापन | 100000.00 |
| | महिला कल्याण सहकारी | सहकारी प्रवर्द्धन | 100000.00 |
| | महिला वालबालिका दलित तथा जनजाती उत्थान समाज | कार्यालय व्यवस्थापन | 368200.00 |
| | **जम्मा** | | 9700930.00 |

२७

**मन्दिर निर्माण तथा मर्मत-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न १६ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू.६४६८१०४.० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको ३.७९ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।

२८

**अन्य कार्यालयको खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।



https://nams.oag.gov.np

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| १ | नेपाल प्रहरी तथा ट्राफिक प्रहरी | मोटरसाइकल खरिद | २०००००.० |
| २ | | इन्धन | ८००००.० |
| जम्मा | | | २८००००.० |

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **अनुदान फिर्ता-**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु. | ३९,७०४,८४१.४९ |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३०२१५९०२० | २७४०३८२८३.६२ | २२०२२७९४.३८ | ६०९७९४२. |
| | विषेश | १६०००००० | ७१६३०८०.०५ | २१७७०५०.३४ | ६६५९८६९.६ |
| | समपुरक | १३९००००० | १६१६८६५.६ | ० | १२२८३१३४.४ |
| | | **३३२०५९०२०** | **२८२८१८२२९** | **२४१९९८४५** | २५०४०९४६. |
| प्रदेश सरकार | शसर्त | ६०१८००० | ६००६९१६ | ११०८४ | ०. |
| | विषेश | ७०००००० | ३४८३१४४. | १६६९५५.३९ | ३३४९९००.६ |
| | समपुरक | १५३१४००० | ३७५४४८०.८ | २४५५२४.३३ | ११३१३९९४.९ |
| जम्मा | | **२८३३२०००** | **१३२४४५४१** | **४२३५६४** | १४६६३८९५.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | | | **अनुदानको अनुगमन-**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि पशु, शैक्षिक सेवा, सामान खरिदमा आदीको लागि विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदान बितरण भएकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३१ | | | **अनुगमन प्रतिवेदन-**<br>विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ । | |


https://nams.oag.gov.np

| क्र स | स्रोत | योजनको नाम | खर्च |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | देवल खेल मैदान | 2345265.77 |
| २ | | पानकोट नगरकोट राजकोट मोर्तली सडक स्तरोन्नति | 734480.00 |
| | | **जम्मा** | **3079745.77** |
| १ | संघीय विशेष अनुदान | बाल आश्रम कम्पाउण्ड वाल निर्माण | 1544652.00 |
| २ | | कैलाश स्वास्थ्य चौकी कम्पाउण्ड वाल निर्माण | 2018257.00 |
| ३ | | मड खानेपानी | 3259072.00 |
| | | **जम्मा** | **6821981** |
| १ | प्रदेश समपूरक अनुदान | सिद्दमनाना पदमार्ग निर्माण | 1705365.00 |
| २ | | गोरेपाटन पदमार्ग निर्माण | 1854846.00 |
| ३ | | चुलीटीका पदमार्ग निर्माण | 2605323.00 |
| ४ | | बसपार्क निर्माण | 9<br>5858.00 |
| ५ | | डम्पिङ् साइट निर्माण | \|\| |
| ६ | | ज न पा ५ वडा कार्यालय निर्माण | \|\| |
| ७ | | चुलिटिका भ्यू टावर | \|\| |
| | | **जम्मा** | **7151392** |
| | | | 425 |

| | | | |
|---|---|---|---|
| १ | प्रदेश विशेष अनुदान | ज न पा १ वडा कार्यालय घेरवार निर्माण | 00.00 |
| २ | | सुवेडा कालाढुंगा पोलीहाउस निर्माण | ।। ६ लाख पेश्की |
| ३ | | ज न पा २ स्वास्थ्य कार्यालय घेरवार | 1292280.00 |
| ४ | | महिला सुरक्षित आवास निर्माण | ।। १०००००० पेश्की |
| | | **जम्मा** | **1717280.00** |

३२ **कर तथा शुल्क असुली-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 720000 | 3015766.91 | 419 |
| घर वहाल कर | 670000 | 1772620.40 | 265 |
| व्यवसायले भुक्तानी गर्ने कर | 1300000 | 2024835.11 | 156 |
| अन्य बिक्रिबाट प्राप्त रकम | 1500000 | 1644103 | 110 |
| अन्य कर | 2120000 | 3356968.61 | 159 |
| जम्मा | 6310000 | 11814294.03 | 188 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३३ **मू अ कर असुल नभएको-** १४७,५२२

| | | | | |
|---|---|---|---|---|
| | | | मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(३) स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्रि गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने व्यवस्था छ । त्यसै गरी ढुंगा गिटि वालुवा उत्खनन विक्री तथा व्यवस्थापन मापदण्ड २०७७ को बुँदा नं १८ मा नदिजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने र अनुसुची २क र २ख मा नदी जन्य पदार्थ विक्रीका लागि बोलपत्र आहवान गर्दा मु अ कर वाहेकको अंकमा बढाबढ गर्नु पर्ने र मु अ कर समेतको अंक बुझाउने गरी ठेक्का सम्झौता गर्नु पर्ने व्यवस्था छ ।यो वर्ष पालिकाले रू १२८२९०३ मु अ कर समेत संकलन गरी स्थानीय संचित कोषमा दाखिला गरिएको छ । ऐनको व्यवस्था अनुसार संकलित मु अ कर संघीय संचित कोषमा दाखिला हुनु पर्ने रू | |
| ३४ | | | **गिट्टि,ढुगां,बालुवाको कर-**<br>स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७७ को दफा ८ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । सुदूरपश्चिम प्रदेश आर्थिक ऐन २०७७ को दफा ८(३) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानीयले सङ्ककलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु १२,८२,३०९।०० राजस्व प्राप्त गरेको र पुरै स्थानीय संचितकोषमा जम्मा गरेको देखियो । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| ३५ | | | **बजेट बक्तव्यको कार्यान्वयन-**<br>नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को बजेट बक्त्वयको बुदा न १७ मा यस पालिका भित्र संचालित साना ठूला सबै किसिमका विकास निर्माणका योजनाहरुमा प्रयोग हुने ढुंगा गिट्टी बालुवा तथा निदजन्य पदार्थको विवरण लिइ बीओक्यूका आधारमा कर असुली गर्ने उल्लेख छ । तर पालिकाले यो वर्ष उल्लिखित व्यवस्था अनुरुप प्राकृतिक स्रोतमा कर लगाउन सकेको देखिएन । नदिजन्य पदार्थको चोरी निकासी अत्याधिक हुने तर नगरपालिकाले अत्यन्तै न्यून ढुंगा गिटि वालुवा माथिको कर संकलन गरेको देखिएकोले बजेट बक्तव्यमा उल्लिखित नीतिको कार्यान्वयन हुनु पर्दछ । | |
| ३६ | | | **मू अ कर-** | ६२४,५५० |

| | | | |
|---|---|---|---|
| | | | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ र ८ मा मुअकर मा दर्ता भएका प्रत्येक व्यक्तिले आफुले कुनै बस्तु तथा सेवाको आपुर्ति गर्दा तोकिए बमोजिमको बिजक जारी गर्नु पर्ने र मुअकर योग्य बस्तु तथा सेवा बिक्रीमा मुअकर असुल गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिहरु मार्फत निम्नानुसारको सडक खन्ने कार्य गर्दा मु अ करमा दर्ता भएको फर्मबाट एक्साभेटर तथा मेशिन भाडामा लिएकोमा तोकिए बमोजिम बिजक जारी नगरी सेतो कागजमा भरपाई पेश गरेको देखियो । जसले गर्दा निजले बिक्रीमा असुल गरेको मुअकर लुकाउनुका साथै बिक्री खातामा अभिलेख नराखी आय समेत नदेखाउन सक्ने सम्भावना रहन्छ । अतः यस पालिकाबाट भुक्तानी भएको निम्नानुसार रकमको सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नु पर्ने रु |

| भौ न मिति | योजनाको नाम | दर्तावाल फर्मको नाम | भुक्तानी भएको भाडा रकम |
|---|---|---|---|
| **144/3/3** | ग्वानी सल्यान शाखा सडक नि उ स | जन कल्याण निर्माण सेवा | **88200.00** |
| **177/3/14** | मेनरोड फुटाढुंगा सडक नि उ स | जन कल्याण निर्माण सेवा | **72000.00** |
| **236/3/28** | खाराबगर वारिल शाखा सडक नि उ स | जन कल्याण निर्माण सेवा | **102000.00** |
| **91/12/12** | सेलीसुर्केमेला शाखा सडक नि उ स | जयलक्ष्मी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स (चक्र ब बोहोरा) | **59850.00** |
| **107/1 /29** | लेखीगैरा डिम्मर सडक नि उ स | जयलक्ष्मी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स (चक्र ब बोहोरा) | **56700.00** |
| **109/12/29** | भुप्रेल्वार वाडा सडक नि उ स | जयलक्ष्मी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स (चक्र ब बोहोरा) | **46000.00** |
| **150/3/7** | कालिका मन्दिर हुदै पुगर पर्यटकीय स्थल जाने बाटो निर्माण | सिद्दवावा निर्माण सेवा | **199800.00** |
| | जम्मा | | **624550.00** |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **न्यून विजकीकरण तथा न्यून प्राप्ति लेखाङ्कन-** | |

आयकर ऐन २०५८ को दफा ७ मा कुनै व्यक्तिले व्यवसाय संचालनबाट प्राप्त आयलाई करयोग्य आयमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिहरु मार्फत निम्नानुसारको सडक खन्ने कार्यका लागि विभिन्न निर्माण व्यवसायीहरुको एक्साभेटर प्रयोग गरिएकोमा उपभोक्ता समितिबाट भाडा वापतको रकम प्राप्त गर्दा विजक जारी नगरी सेतो कागजमा भरपाई पेश गरेको देखियो ।साथै योजनाको पुरै काम भाडामा लिइएको डोजर मार्फत सम्पादन हुने तथा श्रमिक द्वारा सम्पादित काम नभएको तथा निकै न्यून मात्रामा रहेको अवस्थामा निकै न्यून अंश डोजर धनी निर्माण व्यवसायीहरुलाई भुक्तानी गरेको भरपाई पेश गर्ने र भुक्तानी भएको ठूलो अंश ज्याला वापतको भुक्तानी भएको भनि डोर हाजिरी पेश गर्ने गरिएबाट डोजरधनी तथा निर्माण व्यावसायीहरुले वास्तविक भन्दा न्यून आय देखाउन सक्ने सम्भावना देखियो । सबै काम डोजर मार्फत सम्पन्न भएकोमा ज्याला वापतको ठूलो अंश भुक्तानी हुने अवस्था देखिदैन । अतः उपभोक्ता समितिहरुले भाडा वापत डोजरधनी निर्माण व्यवसायीलाई भुक्तानी भएको वास्तविक अङ्क यकिन गरी आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिइ राजस्व चुवाहट नियन्त्रण गर्ने कार्यमा आवश्यक सहयोग गर्न आवश्यक छ ।

| भौ न मिति | योजनाको नाम | दर्तावाल फर्मको नाम | कूल भुक्तानी | डोजर भाडा र ईन्धन वापतको रकम | कूल भुक्तानीमा डोजर तथा ईन्धनकोवापतको अंस |
|---|---|---|---|---|---|
| **144/3/3** | ग्वानी सल्यान शाखा सडक नि उ स | जन कल्याण निर्माण सेवा | **250000.0** | **88200.00** | **35%** |
| **172/3/14** | मेनरोड गोठालेखेत सडक नि उ स | खुसीराम | **400000.00** | **30000.00** | **7.5%** |
| **177/3/14** | मेनरोड फुटाढुंगा सडक नि उ स | जन कल्याण निर्माण सेवा | **300000** | **72000.00** | **24%** |
| **236/3/28** | खाराबगर वारिल शाखा सडक नि उ स | जन कल्याण निर्माण सेवा | **1356486** | **102000.00** | **7.5%** |
| **91 12/12** | सेलीसुर्केमेला शाखा सडक नि उ स | जयलक्ष्मी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स (चक्र ब बोहोरा) | **300000** | **175350.00** | **58%** |
| **107/12/29** | लेखीगैरा डिम्मर सडक नि उ स | जयलक्ष्मी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स (चक्र ब बोहोरा) | **150000.00** | **79244.00** | **53%** |
| **109/12/29** | भुप्रेल्वार वाडा सडक नि उ स | जयलक्ष्मी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स (चक्र ब बोहोरा) | **150000** | **76713.00** | **52%** |
| **150/3/7** | कालिका मन्दिर हुदै पुगर पर्यटकीय स्थल जाने बाटो निर्माण | सिद्दवावा निर्माण सेवा | **600000.0** | **199800.00** | **33%** |
| **204/2/23** | पिमिडाँडा चोरमेला सडक नि उ स | शिवराज बोहोरा | **400000.00** | **140400.00** | **35%** |
| **220/3/24** | खैराखलापटा हुदै पडेशैन सडक नि उ स | शिवराज बोहोरा | **298929.00** | **97200.00** | **32%** |
| | | | **4205415** | **1060907** | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | | |

३८

**उपभोक्ता समिति दर्ता-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ३६३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. २३८९६२९२५.० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

३९ ६३६,४६४

**उपभोक्ता समिति मार्फत मेशिनको प्रयोग र भुक्तानी-**

पालिकाले स्वीकृत गरेको स्थानीय दररेटमा सडक निर्माणको क्रममा प्रयोग गरिने मेशिनको भाडा दररेट सडक विभागको नर्मस अनुसार हुने उल्लेख छ । सडक विभागले जारी गरेको Guidelines for Estimating Equipment Ownership and Operating Costs, 2076 मा Excavator प्रयोग गर्दा लाग्ने प्रति घण्टा भाडा दर निम्नानुसार निर्धारण गरेको छ ।

| Ownership cost (NRs/Hr) | Servicing (NRs/Hr) | Maintenance (NRs/Hr) | Feul (L/hr) | Skilled MD | Total |
|---|---|---|---|---|---|
| **620** | **65** | **275** | **14.40** | **0.125** | |
| **620** | **165** | **275** | **1627#** | **1 .471*** | **2606.67** |

*as per DOR Norms, District Rate Crew/hr = (30xDaily Rate)/(8x26) = (30x1080)/208 = 155.77, now as per DOR Norms 155.77x0.125=19.371
# as per NOC, Fuel rate = Rs 113 per Liter = 113x14.4

उल्लिखित व्यवस्था अनुसार मेशिन भाडा दर प्रतिघण्टा रू २६०६।६७ कायम गरिएको छ । अत सडक विभागले जारी गरेको Norms for Rate Analysis, 2075 अनुसार सबै प्रकारका माटो खन्ने कामको लागि प्रति ३६० घन मिटरको लागि १ दक्ष, ३ अदक्ष र ६ मेसिन घण्टा लाग्ने, सामान्य चट्टान काट्न प्रति १२० घन मिटर काट्न १ दक्ष, ३ अदक्ष र ६ मेसिन घण्टा लाग्ने र कडा चट्टान १६ घन मिटर काट्न १ दक्ष, १० अदक्ष र ६ मेसिन घण्टा लाग्ने उल्लेख छ । जस अनुसार आर्थिक वर्ष २०७७।७८ मा बझाङ जिल्लाको स्वीकृत ज्याला दररेटको आधारमा प्रति घन मिटर सडक निर्माणमा लाग्ने निम्नानुसारको लागत भन्दा पालिकाले बढी दरको लागत अनुमान तयार गरेको देखियो ।

| माटोको प्रकार | दर विश्लेषण अनुसार प्रतिघन मिटर लागत रू. | पालिकाले तय गरेको लागत अनुमान प्रति घन मिटर | बढी कायम भएको लागत प्रति घन मिटर दर |
|---|---|---|---|
| सामान्य माटो | **52.27** | **69.96** | **17.69** |
| कडा माटो | **52.27** | **93**<br>**33** | **41.06** |
| नरम चट्टान | **156.83** | **317.00** | **160.1** |
| कडा चट्टान | **1482.50** | **1401.72** | **-80.78** |

अतः पालिकाबाट उपभोक्ता समिति मार्फत भएका सडक निर्माण कार्यको लागि तयार गरेको लागत अनुमानमा सडक विभागको नर्मस भन्दा फरक दर तय भए बाट निम्नानुसार बढि भुक्तानी भएको देखियो । बढि भुक्तानी सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनु पर्दछ ।

४०

| योजनाको नाम | सडकको प्रकृति | परिमाणघन मिटरमा | बढी कायम दर | बढी देखाइएको लागत रु |
|---|---|---|---|---|
| सेली सुर्केमेला शाखा सडक नि उ स | सामान्य माटो | 3448.4 | 17.69 | 61002.2 |
| | कडा माटो | 1086 | 41.06 | 44591.16 |
| लेखिगौरा डिम्मर सडक नि उ स | कडा माटो | 1601 | 41.06 | 65737.06 |
| भुप्रेल्वार वाडा सडक नि उ स | कडा माटो | 1728.07 | 41.06 | 70954.55 |
| ग्वानी सल्यान शाखा सडक नि उ स | कडा माटो | 2591 | 41.06 | 106386.5 |
| | नरम चट्टान | 98.55 | 160.17 | 15784.75 |
| पिमिडाडा चोरमेला सडक नि उ स | समान्य माटो | 978.96 | 17.69 | 17317.8 |
| | कडा माटो | 3914 | 41.06 | 160708.8 |
| खाराबगर वारिल शाखा सडक नि उ स | सामान्य माटो | 702 | 17.69 | 12418.38 |
| | कडा माटो | 2103 | 41.06 | 86349.18 |
| | नरम चट्टान | 49.5 | 160.17 | 7928.415 |
| | कडा चट्टान | 157.4 | -80.78 | -12714.77 |
| जम्मा | | | | 636464.025 |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | | | **बढी परिमाणको भुक्तानी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्यको नापजाँच गर्दा वास्तविक परिमाण भन्दा बढी | | ३४३,०५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | परिमाणको कार्य उल्लेख हुन गइ भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु | | |



https://nams.oag.gov.np

| भौ न मिति | योजना तथा उपभोक्ता समितिको नाम | वास्तविक भन्दा बढी देखिएको परिमाण | दर | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २४८।३।३० | शहिद स्मृति गेट निर्माण समिति | EW 14.63 | 1146.39 | 16784.00 | गेटमा २ पिल्लर मात्र भएकोमा ४ पिल्लरको जग खनेको भुक्तानी भएको । |
| ५९।११।१८ | पानीखाल सिमलतोला खानेपानी मर्मत उ स | **EW 50 m3** | **1146.39** | **57319.00** | पाईपको लम्बाई ६०० मिटर भएकोमा खन्ने पुर्नेको काम ११०० मिटर भएको । |
| | पानीखाल सिमलतोला खानेपानी मर्मत उ स | **Back filling 50 3** | **175** | **10500.00** | |
| ९९।१२।२७ | डाँडापोखरी सिचाई पोखरी नि उ स | **Reinforcement 279 kg** | **132.2** | **36997.00** | **Base 3m x 2.45m** र उचाई **2.35m** भएको पोखरीमा **0.15** को **spacing** मा सरीया **533 kg** राखेको तर परीक्षण गर्दा **253 kg** लाग्ने देखिएको । |
| १२२।१।१३ | घरस्वाडा तोलेछेउ सिचाई पोखरी नि उ स | **Reinforcement 426 kg** | **132.2** | **56282.00** | **Base 4m x 4m** र उचाई **1.4m** भएको पोखरीमा **0.15** को **spacing** मा सरीया **697 kg** राखेको तर परीक्षण गर्दा **271 kg** लाग्ने देखिएको । |
| १३९।३।३ | जोशीगाँउ सिचाँई पोखरी न उ स | **Reinforcement 155 kg** | **132.2** | **20528.00** | **Base 4m x 3.4m** र उचाई **1.2m** भएको पोखरीमा **0.15** को **spacing** मा सरीया **391 kg** राखेको तर परीक्षण गर्दा **236 kg** लाग्ने देखिएको । |
| १८३।३।१८ | बागापाली खानेपानी उ स | **EW 94 m3** | **1146.39** | **108333.9** | **900 m pipe** खन्ने पुर्ने कार्यको नापजाँच तथा भुक्तानी तर पेश भएको फोटोमा सबै **pipeline** जमिनमा नगाडिएको । |
| २१२।३।२३ | कोलपाटा सिचाई पोखरी नि उ स | **Reinforcement 274 kg** | **132.2** | **36314.00** | **Base 5.5m x 2.8m** र उचाई **0.75m** भएको पोखरीमा **0.15** को **spacing** मा सरीया **488 kg** राखेको तर परीक्षण गर्दा **214 kg** लाग्ने देखिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | 343057.9 | |

४२

**स्थलगत अनुगमन** ३३,७०१

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्यको नापजाँच भन्दा स्थलगत अनुगमनमा वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य उल्लेख हुन गएको देखिएकोले बढी भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु

| **भौ न मिति** | **योजना तथा उपभोक्ता समितिको नाम** | **वास्तविक भन्दा बढी देखिएको परिमाण** | **दर** | **बढी भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १७३। २।१८ | चैनपुर स्थित क्रिकेट मैदान ट्रस निर्माण उ स | Iron gril 179 Kg | 187.7 | ३३७०१.० | नापी किताबमा **Purlin 8** र **Rafter 8** भएकोमास्थलगत अनुगमनमा क्रमशः **6** र **4** मात्र भएको । |
| | जम्मा | | | **753306.00** | |



फोटोः- क्रिकेट अभ्यास मैदान, चैनपुर ।

४३

**हेभि इक्विपमेन्टको प्रयोग-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले

| | | | | |
|---|---|---|---|---|
| | | | डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| ४४ | | | **जटिल संरचना निर्माण-**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फmत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| ४५ | | | **बार्षिक खरिद योजना/गुरुयोजना-**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू १७ करोड ७ लाख ६२ हजारको पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४६ | | | **सोझै खरिद-**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ । यो वर्ष पालिकाले नियमावलीमा तोकिएको ५ लाखको सीमा एक पटकमा मात्र ननाघ्ने गरी तर एक आर्थिक वर्षमा गरिएका निम्नानुसारको पटक पटकको खरिद बाट उक्त सीमा नाघेको अवस्था छ । नगरपालिकाले विभिन्न प्रकृतिका निर्माण कार्य निम्नानुसार १० फर्मबाट सोझै खरिद गरी रू ५१ लाख ४ हजार खर्च गरेको अवस्था छ ।उपभोक्ता समितिबाट कार्य गराउदा ओभरहेड तथा मुअकर समेत दिनु नपर्ने तथा जन सहभागिता समेत जुट्न सक्ने र ठेक्का मार्फत कार्य गराउदा घटाघट पनि हुन सक्ने अवस्थामा सोझै निर्माण व्यवसायी बाट खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु अ कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य अत्याधिक महंगो परेको अवस्था छ । सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन । | |

| क्र स | निर्माण व्यवसायीको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | जनकल्याण निर्माण सेवा | सडक निर्माण | 492342.76 |
| २ | भगवती निर्माण सेवा | सडक निर्माण | 454406.00 |
| ३ | पारस निर्माण सेवा | सिचाई कुलो निर्माण | 497944.00 |
| ३ | नेहा कन्स्ट्रक्सन | एयरपोर्ट शौचालय निर्माण | 497453.00 |
| ४ | पिके कन्स्ट्रक्सन | रुइनाबगर तटबन्धन निर्माण | 492660.00 |
| ५ | सेती निर्माण सेवा | सुबेडा मज्जो जिउलो सिचाई कुलो निर्माण | 495876.00 |
| ६ | मष्टा दर्शनदेव कम्पनी प्रा लि | गेरेपाटन पर्वतीय सडक निर्माण | 479707.00 |
| ७ | पुवार कन्स्ट्रक्सन | गेरेपाटन पर्वतीय सडक निर्माण | 242235.00 |
| ८ | दुदीर मष्टा निर्माण सेवा | चुलीटिका पदमार्ग | 479911.00 |
| ९ | संजिवनी निर्माण सेवा | कैलाश स्वास्थ्य चौकी भवन निर्माण | 474980.00 |
| १० | मन्जु निर्माण सेवा | कैलाश स्वास्थ्य चौकी भवन निर्माण | 496129.00 |
| | जम्मा | | 5103643.76 |

४७ **टुक्रा पारी खरिद-** १,६९३,०५१

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमीत हुने गरी खरिद गर्न नहुने उल्लेख छ। यस पालिकाले देहाए बमोजिमको एउटा काम २ टुक्रा पारी २ निर्माण व्यवसायीबाट सोझै खरिद गरेको देखिएकोले नियमित गर्नु पर्ने रू


https://nams.oag.gov.np

| गौ.भौ.नं/ मिति | फर्मको नाम | | खरिद मुल्य रु |
|---|---|---|---|
| ६६।३।२८ | संजिवनी निर्माण सेवा | कैलाश चौकीको कम्पाउण्ड घेरवार | 474980.00 |
| ६७।३।२८ | मन्जु निर्माण सेवा | | 496129.00 |
| २३२।३।२८ | मष्टादेव दर्शन कम्पनी प्रा लि | गोरेपाटन पर्वतीय सडक निर्माण | 479707.00 |
| २३४।३।२८ | पुवार कन्स्ट्रक्सन | | 242235.00 |
| | जम्मा | | 1693051.00 |

४८ **कार्यसम्पादन जमानतको नपुग म्याद तथा रकम-** ७०४,७१९

सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ मा बोलपत्रदाताले खरिद सम्झौता गर्दा लागत अनुमानको १५ प्रतिशत सम्म न्यून कवोल अङ्कको हकमा कबोल अङ्कको ५ प्रतिशत र सो भन्दा बढी घटेकोमा जति बढी घटेको छ सोको ५० प्रतिशत थप रकम सहितको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने र सो जमानतको म्याद खरिद सम्झौताको अन्तिम म्याद भन्दा १३ महिना बढी हुनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार ठेक्का सम्झौता गर्दा निर्माण व्यवसायीले पेश गरेको कार्यसम्पादन जमानतको म्याद तथा अङ्क दुबै कम अवधिको भएकोले देखियो । खरिद कार्य सम्पन्न भईनसकेको अवस्था भएकोले ऐनमा तोकिए बमोजिम रीत पूर्वकको कार्यसम्पादन जमानत पेश हुनु पर्ने रू

| योजनाको नाम | ठेकेदारको नाम | लागत अनुमान | सम्झौता अङ्क | हुनु पर्ने का.स. जमानतको अङ्क | पेश भएको का.स. जमानतको अङ्क | नपुग का.स. जमानत |
|---|---|---|---|---|---|---|
| चुलीटीका पर्यटन सडक | जयलक्ष्मी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स | 3514029.00 | 1254563.00 | 928910.00 | 870000.00 | 58910.00 |
| स्वास्थ्य चौकी भवन जनपा ३ | मुनाल कन्स्ट्रक्सन | 3010774.2 | 1752074.24 | 491145.00 | 435000.00 | 56145.00 |
| पानकोट नगरकोट राजकोट मोर्तली सडक स्तरोन्नति | डि पि जी निर्माण सेवा | 7100926.00 | 2629094.81 | 1834800.00 | 1720000.00 | 114800.00 |
| कोल्ड स्टोर भवन निर्माण | बर्मा बेताल निर्माण सेवा | 8022856.52 | 4581627.55 | 1347982.00 | 1205000.00 | 142982.00 |
| बालआश्रम भवन तथा कम्पाउण्ड निर्माण | जयलक्ष्मी निर्माण सेवा | 5039443.00 | 2418920.00 | 1053250.00 | 970000.00 | 83250.00 |
| डम्पिङ साइट निर्माण | बिएलबी निर्माण सेवा | 2008130.00 | 1065138.00 | 375000.00 | 345000.00 | 30000.00 |
| स्वास्थ्य चौकी कम्पाउण्ड वाल निर्माण | भि एन निर्माण सेवा | 4999502.36 | 2024792.02 | 1213632.00 | 995000.00 | 218632.00 |
| जम्मा | | | | | | 704719.00 |

४९ **सफ्टवेयर खरिद-**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. २७५०००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

५० **डिपिआर खर्च-**

सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| देवल खेल मैदान | Enginearing Helpline Pvt.Ltd | 484205 | 484205 | 40789280 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

५१ **सवारी साधन खरिद-**

अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को बुदा न ७ मा सार्वजनिक निकायले सवारी नेपाल सरकारको स्रोत वा ऋणबाट सवारी साधन खरिद गर्न नहुने तर अत्यावश्यक भएको सन्दर्भमा अर्थ मन्त्रालयबाट सहमति लिएर मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.५२९९०००।- खर्च गरेकोमा उल्लिखित मापदण्डको शर्त बमोजिम अर्थ मन्त्रालयको सहमति लिएको देखिएन । संघीय मन्त्रालयले जारी गरेको मापदण्डको पालना गर्न पालिकाको ध्यान जानु पर्दछ ।

५२ **निर्माण कार्यको गुणस्तर-**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।

५३ **विमा नगरेको-**

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोकेबमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण, सिचाई नहर निर्माण तथा खानेपानी जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ । | |

| क्र स | निर्माण व्यवसायीको नाम | निर्माण कार्यको विवरण | लागत अनुमानमुअकर बाहेक | सम्झौता रकम मुअकर बाहेक |
|---|---|---|---|---|
| १ | जय लक्ष्मी निर्माण सेवा | प्रिफ्याब कार्यालय हल भवन निर्माण | 2719656.36 | 1591611.87 |
| २ | मुनाल कन्स्ट्रक्सन | स्वास्थ्य चौकी भवन ज न पा ३ | 3010774.19 | 1752074.24 |
| ३ | बर्मा बेताल निर्माण सेवा | कोल्ड स्टोर भवन | 8022856.52 | 4581627.55 |
| ४ | जय लक्ष्मी निर्माण सेवा | बाल आश्रम भवन निर्माण | 5039443.38 | 2418920.00 |
| ५ | जयलक्ष्मी निर्माण सेवा | खुद्दीउन सिचाई नहर निर्माण | 2999558.00 | 1920028.91 |
| ६ | मुनाल कन्स्ट्रक्सन | लौठीछाडा खानेपानी संरचना निर्माण | 4203143.00 | 2539788.00 |

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **मालसामान तथा उपकरण खरिद-** सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन । | |

| भौ.न. र मिति | मालसामानको विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ८।७७।७।४ | ल्यापटप, प्रिन्टर तथा डेस्कटप | गडतौला ट्रेडर्स | 499500.00 |
| ५०।७७।११।४ | ल्यापटप प्रिन्टर आदी | उग्रतारा टेक्निकल गुड्स सप्लायर्स | 167776.00 |

५५

**ग्रामिण जलस्रोत विकास परियोजना तर्फ** ८९५,७६१

स्रोतगत खर्चको हिसाव नमिलेको-

:

ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत संचालित कार्यक्रमहरु नेपाल सरकार, पालिका र फिनल्याण्ड सरकार बीच लागत साझेदारी गर्ने व्यवस्था छ । संरचना विषेश खानेपानी, सिचाई तथा प्लाष्टिक घरको लागत फिनल्याण्ड सरकार, पालिका र नेपाल सरकारले व्यहोरिने लागत अंश फरक फरक तय गरिएको छ । पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसार विभिन्न २ योजनाहरु यस परियोजना अन्तर्गत संचालनमा रहेकोमा तोकिए बमोजिमको अंश वापत हुने रू. ४०५९९९०।०० मात्र फिन्ल्याण्ड सरकारबाट खर्च गर्नु पर्नेमा यो वर्ष फिन्ल्याण्ड सरकारबाट रू. ४९५५७५०।०० खर्च लेखिएको छ । जस अनुसार फिन्ल्याण्ड सरकारको तर्फ रु ८९५७६०।५० बढी खर्च लेखी नेपाल सरकार र पालिकाबाट व्योरिने अंश घटाएर भुक्तानी लेखेको देखियो । अत तोकिए बमोजिम स्रोतगत खर्चको हिसाब मिलान गर्नुपर्ने रू

| **क्र स** | **योजनाको नाम** | **योबर्षको खर्च उ स को लागत र निजी धाराको लागत वाहेक** | **फिनल्याण्ड सरकारले व्यहोरिने अंस** | **यो बर्ष फिन्ल्याण्ड सरकारबाट हुनु पर्ने खर्च** |
|---|---|---|---|---|
| | धमनाउज्वाडा छ्याला खा पा योजना | 9472594.00 | 29.4 % | 2784943 |
| | माझसैन खा पा योजना | 4336894.00 | 29.4% | 1275047 |
| | जम्मा | | | 4059990 |

५६

**धारा खरिद-** ७७,९१०

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा वास्तविक लागतको आधारमा विभागीय नर्मसको प्रयोग गरी लागत अनुमान तयार गर्नु पर्ने र सोही आधारमा कायम विल विजकको भुक्तानी गर्नु पर्ने व्यवस्था छ । यस परियोजना अन्तर्गत संचालित धमनाउ ज्वाला छ्याला खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २३० धारा मात्र आवश्यक परेको अवस्थामा २८३ धाराको भुक्तानी गरेको देखियो । ५३ धाराको प्रति धारा रू १४७०।० का दरले रू ७७९१०।०० अनावश्यक भुक्तानी दिएको देखियो । अत बढी व्ययभार पर्ने गरी आवश्यकता भन्दा बढी खरिद भएको धारा जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु. | | |
| ५७ | | | **स्थानीय पूर्वाधार विकास कार्यक्रम**<br>**कार्यक्षेत्र बाहिर-**<br>:<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा १०० वाट सम्मको स्थानीय एफ एम संचालन अनुमति नविकरण नियमन तथा खारेजीको अधिकार प्रदेश कानून बमोजिम स्थानीय तहलाई हुने व्यवस्था उल्लेख छ । त्यसै गरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४१ मा बजेटमा समावेश गरी कुनै निकायलाई आर्थिक अनुदान दिदा लक्ष्य कार्यक्रम र लागत अनुमान र कुन नियमबाट दिने स्पष्ठ खुलाई पेश गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ५ मा अनुदानबाट संचालित कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन समेत गर्ने पर्ने व्यवस्था छ । स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पालिकाले निम्नानुसार सञ्चार गृहहरु तथा राजननीति प्रतिष्ठानलाई यो वर्ष रू. १५ लाख अनुदान प्रदान गरेको छ । वास्तविक स्थानीय पूर्वाधारमा लगानी नगरि राजनीतिक भवन तथा चमेना गृहमा भएको खर्च औचित्यपूर्ण देखिदैन ।<br><table><tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रम</th><th>रकम</th></tr><tr><td>१-२०७७।११।१७</td><td>साइपाल एफ एम टावर निर्माण</td><td>५०००००।-</td></tr><tr><td>३-२०७७।११।२५</td><td>सहिद मनोज झपेन्द्र स्मृति भवन निर्माण</td><td>१००००००।-</td></tr><tr><td>५-२०७७।११।२५</td><td>मदन स्मृति सामुदायिक चमेना गृह निर्माण</td><td>५०००००.०</td></tr><tr><td>८-२०७७।१२।८</td><td>बझाङ एफ एम</td><td>५०००००.०</td></tr><tr><td></td><td>जम्मा</td><td>२५०००००।००</td></tr></table> | | |
| ५८ | | | **कम इटा खरिद गरेको-**<br>३-२०७७।६।२९, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार वास्तविक कार्य सम्पादनको आधारमा कायम विल विजकको भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नर्मस अनुसार सामान्यतया १ घन मिटर मा ५६० ईटा लाग्छ । नगरपालिकाले सहिद मनोज झपेन्द्र स्मृति भवन निर्माण कार्यमा first class Bricks work in 1:6 c/s mortar को २८.३३ घन मिटर काम गर्नको लागि १५८६४ वटा इटा लाग्नेमा जम्मा १२००० इट्टा खरिद गरेको विलको आधारमा सवै रकम भुक्तानी भएकोले नपुग इट्टा ३८६५ इट्टाको रु.१० का दरले हुने रकम रु.३८६५०।– को विल विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | | ३६,६५० |

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **शिक्षक दरबन्दि र पदपूर्ति-**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । प्राप्त विवरण अनुसार ५ विद्यालयमा शून्य शिक्षकको दरवन्दी रहेको अवस्थामा पनि २७६ विद्यार्थी पढिरहेको देखिन्छ । शिक्षक र विद्यार्थी संख्याको अनुपात मिलाउनु पर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| 1 | Adarsha Pra V | 2 | 3 | 1 | 48 |
| 2 | Bal Bikash Aa b | 5 | 9 | 4 | 195 |
| 3 | Bal Bikash Ma V | 8 | 18 | 10 | 341 |
| 4 | Bal Mandir Aa b | 5 | 8 | 3 | 381 |
| 5 | Balodaya Pra V | 3 | 3 | 0 | 68 |
| 6 | Betal Sa Pra V | 1 | 2 | 1 | 167 |
| 7 | Bhairab Aa b | 4 | 6 | 2 | 116 |
| 8 | Bhairab Pra V | 1 | 3 | 2 | 91 |
| 9 | Bhawani Ma V | 6 | 9 | 3 | 190 |
| 10 | Bhawani Pra V kheira | ० | 2 | 2 | 52 |
| 11 | Bhawani Pra V Gadkhet | ० | 4 | 4 | 63 |
| 12 | **Bhumidev Pra V** | **०** | **0** | **0** | **67** |
| 13 | Devastali Aa b | 4 | 4 | 0 | 152 |
| 14 | dhauldeu Aa b | 2 | 3 | 1 | 178 |
| 15 | **Dhauldev Pra V** | **०** | **0** | **0** | **100** |
| 16 | Durga Bhawani Pra V | ० | 2 | 2 | 55 |
| 17 | Gandharva Pra V | ० | 3 | 3 | 51 |
| 18 | Jalapa Ma V | 15 | 20 | 5 | 555 |
| 19 | Jalpa Pra V | 2 | 2 | 0 | 65 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | 20 | Jana Jagriti Pra V | 1 | 4 | 3 | 70 | | |
| | | | | | 21 | **Janajyoti Balbikash Pra V** | **०** | **0** | **0** | **25** | | |
| | | | | | 22 | janapriya pra v | ० | 2 | 2 | 99 | | |
| | | | | | 23 | Kailashpati Pra V | 1 | 2 | 1 | 126 | | |
| | | | | | 24 | Kalika Pra V | ० | 2 | 2 | 25 | | |
| | | | | | 25 | Kul Mastajan Pra V | ० | 3 | 3 | 96 | | |
| | | | | | 26 | Latainath Pra V | ० | 2 | 2 | 37 | | |
| | | | | | 27 | Luyanta Aa b | 4 | 7 | 3 | 159 | | |
| | | | | | 28 | Malika Pra V | ० | 2 | 2 | 48 | | |
| | | | | | 29 | Mudtindev Pra V | 1 | 1 | 2 | 36 | | |
| | | | | | 30 | **Nabin Pra V** | **०** | **0** | **0** | **30** | | |
| | | | | | 31 | Namadeu Pra V Gyone | ० | 3 | 3 | 78 | | |
| | | | | | 32 | Namadeu Pra V | 1 | 3 | 2 | 9 | | |
| | | | | | 33 | Namuna Adhar V | 3 | 5 | 2 | 94 | | |
| | | | | | 34 | Narayan Ma V | 7 | 15 | 8 | 153 | | |
| | | | | | 35 | Nanandau Pra V dadagaun | 2 | 3 | 1 | 97 | | |
| | | | | | 36 | Nilkatti Aa b | 3 | ^ | 2 | 259 | | |
| | | | | | 37 | Pandu Ma V | 11 | 21 | 10 | 435 | | |
| | | | | | 38 | Raghu Nath Pra V | 3 | 3 | 1 | 87 | | |
| | | | | | 39 | **Rshikunda Pra V** | **०** | **0** | **0** | **54** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 40 | Saraswati Pra V | ० | 2 | 2 | 61 |
| 41 | Satyabadi ma v | 17 | 28 | 11 | 1705 |
| 42 | Sishu Aa b | 4 | 7 | 3 | 154 |
| 43 | Sunipipal Chaur ma v | 9 | 19 | 10 | 1028 |
| 44 | Surma Aa b | 4 | 7 | 3 | 168 |
| 45 | Surma Devi Pra V | 3 | 3 | 0 | 60 |
| 46 | Yuwabarsa Pra V | 1 | 2 | 1 | 60 |
| जम्मा | | 133 | 247 | 122 | 8188 |

| | | | | |
|---|---|---|---|---|
| ६० | | | **शिक्षकको तलवी प्रतिवेदन-**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्र म कार्यान्वयन निर्देशिका, २०७७।७८ अनुसार स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलबी प्रतिवेदनको अधकारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । नगरपालिकाले आ.व. २०७७।७८ मा नगरपालिका भित्रका सम्पूर्ण शिक्षकको तलबी प्रतिवेदन पारीत नगराई विद्यालयले माग गरेको आधारमा तलव भत्ता भुक्तानी गरेको छ । जसबाट विद्यालयका सम्पूर्ण शिक्षकको तलब र ग्रेड एकिन गर्न सकिदैन । तलवी प्रतिवेदन पारित गरेर सोही आधारमा मात्र शिक्षकको तलव खर्च भुक्तानी गर्नु पर्दछ । | |
| ६१ | | | **दिवा खाजा-**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ७ अनुसार तोकीएका विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम अन्तर्गत बाल विकास कक्षा देखि कक्षा ८ सम्मका विद्यार्थीको लागि विद्यालय उपस्थित भएको दिनको हाजिरी प्रमाणित गरेको आधारमा दैनिक रु.१५ का दरले अनुदान दिने व्यवस्था छ । कार्यालयले निर्देशिका विपरित उक्त कार्यक्रमबाट डेक्ची, कचौरा, डाडुपन्यु लगायतका सामाग्री खरीद गरी रु.४९९९५७।– खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु. | ४९९,९५७ |
| ६२ | | | **कक्षा ८ परिक्षा व्यवस्थापन अनुदान-**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. २.१ अनुसार कक्षा ८ परीक्षा सञ्चालनको लागि प्रति विद्यार्थी रु. २५०।– का दरले विद्यालयमा अनुदान दिने उल्लेख छ । कार्यलयले पालिका भित्रका जम्मा विद्यार्थी ७६५ जनाको रु.१९१२५०।– मात्र खर्च लेख्नुपर्नेमा | २९९,४५० |


https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td>उक्त कार्यक्रममा रु. ४९०७००।– खर्च लेखेको छ । अतः निर्देशिकाले तोके भन्दा बढी खर्च लेखि व्ययभार बढाएकोले नियमित गर्नु पर्ने रु.</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>EMIS भन्दा बढी निकासा-<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ अनुसार विद्यालयमा विद्यार्थीगत रकम निकासा गर्दा सम्बन्धित विद्यालयले प्रवृष्टि गरेको विद्यालर्थीको विवरणको आधारमा अनुदान उपलब्ध गराउने उल्लेख छ । कार्यालयले EMIS मा प्रविष्टि गरेको विद्यार्थी भन्दा विद्यालयले प्रामाणित गरी पठाएको विद्यार्थी संख्यालाई आधारमा मानी अनुदान उपलब्ध गराउँदा कार्यालयलाई देहायबमोजिम वढी व्ययभार परेको छ । अत निर्देशिकाले तोके बमोजिम अनुदान उपलब्ध गराउनु पर्दछ । EMIS मा प्रविष्टी भएको भन्दा बढी विद्यार्थीको लागि दिइएको अनुदान रकम नियमित हुनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम</th><th>निकासा भएको रकम</th><th>EMIS अनुसार निकासा हुनुपर्ने रकम</th><th>बढी रकम</th></tr>
<tr><td>१</td><td>कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा शिक्षण सहजीकरणका लागि शैक्षिक कार्यक्रम</td><td>१९५५२००.०</td><td>१६८५८००.०</td><td>२६९४००.०</td></tr>
<tr><td>२</td><td>छात्रावृत्ती अनुदान</td><td>१३९१८००.०</td><td>१३१९२००.०</td><td>७२६००.०</td></tr>
<tr><td>३</td><td>प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री व्यवस्थापन अनुदान</td><td>३०१३९५०.०</td><td>२९८६०५०.०</td><td>२७९००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६३६०९५०.०</td><td>५९९१०५०</td><td>३६९९००.०</td></tr>
</table></td><td>३६९,९००</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>विद्यालय कर्मचारी व्यवस्थापन अनुदान-<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. १.२ अनुसार प्रति विद्यालय एक जनाका दरले विद्यालय सहयोगीको लागि तोकीएको दरमा मासिक पारिश्रमिक अनुदान उपलब्ध गराउने उल्लेख छ । कार्यालयले नगर कार्यपालिकाको मिति २०७७।२।९ को निर्णयअनुसार विद्यालय मर्ज गरी ५६ वटा विद्यालयलाई ४६ वटा विद्यालय बनाएकोमा शिक्षक तथा कर्मचारी ब्यवस्थापन नगरेकोले ५६ जना विद्यालय सहयोगीको रकम निकासा भएको छ । जसबाट विद्यालय गाभिइ नयाँ कायम भएको विद्यालयमा २ देखि ३ जनासम्म विद्यालय सहयोगी राखी नगरपालिकालाई वार्षिक रु. ५८५०००.० थप व्ययभार थपिएको छ । तसर्थ विद्यालय मर्जको साथसाथै कर्मचारी व्यवस्थापनमा पनि ध्यान दिई वढी व्ययभार हुने खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>निःशुल्क पाठ्यपुस्तक अनुदान-</td><td></td></tr>
</table>

कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७८ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा एकमुष्ट रु. १३५२६००।– विद्यालयलाई अनुदान उपलब्ध गराएको छ । विद्यार्थीको प्रमाणित कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको पाठ्यपुस्तकको रकम बराबर विद्यार्थीले पाठ्यपुस्तक पाएको एकिन हुन सकिदैन । अत निर्देशिका बमोजिम सुरुमा ७५ प्रतिशत तथा EMIS विवरणको अधारमा कागजात प्रमाणित गरि थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ ।

६६

**अंग्रेजि,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान-** — ७२३,६००

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १९३ मिति २०७७।१०।११ को पत्र अनुसार कुनै पनि दरवन्दी नभएको माध्यमिक विद्यालयमा २ शिक्षक व्यवस्थापन गर्न र एउटा मात्र दरबन्दी भएको विद्यालयलाई १ शिक्षक व्यवस्थापन गर्न प्रति शिक्षक ६ महिनाको रू.२ लाख १६ हजारका दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले देहायबमोजिमको कैफियतमा उल्लेख भएअनुसार परिपत्र विपरित दरबन्दी भएका विद्यालयहरुलाई पनि अनुदान निकासा गरी रु.७२३६००।– खर्च लेखेको कार्य नियम सम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रू

| सि न | विद्यालयको नाम | अनुदान रकम | विद्यालयमा रहेको शिक्षकको दरवन्दी |
|---|---|---|---|
| २ | भवानी मा.वि. | २१६०००.० | २ दरवन्दीको लागि ४३२०००।– दिनुपर्नेमा ६४८०००.० दिएको । |
| ३ | धौल्देउ आ.वि. | ५०७६००.० | माध्यमिक तहको लागि मात्र अनुदान उपलब्ध गराउनु पर्नेमा आधारभुत तहको लागि अनुदान उपलब्ध गराएको । |
| जम्मा | | ७२३६००.० | |

६७

**समानिकरण अनुदानबाट शिक्षकको तलव भत्ता-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. २ लाख २५ हजार तलब खर्च भुक्तानी गरेको पाईयो । वित्तीय समानिकरणबाट दरबन्दी स्वीकृत नगरी रकम खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

६८

**रकम भुक्तानी-** — १,२००,०००

सार्वजनिक खरिद नियमावलीको नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा बिलबिजकको भुक्तानी हुनु पर्ने व्यवस्था छ ।पालिकाले भौ न १९ तथा मिति १२।३० बाट भवानी मा वि लाई लागत अनुमानका कागजात आधारमा रू १२ लाख निकासा दिइएको छ । भवन निर्माण वापतको उक्त रकम पेश्की कायम गर्नु पर्नेमा

| | | | | |
|---|---|---|---|---|
| | | | भुक्तानी लेखिएकोले प्राविधिक नापजाँच सहितका खर्चका प्रमाण कागजात पेश हुनु पर्ने रू | |
| ६९ | | | **खर्चको लेखापरीक्षण-**<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुदा न ८.६ मा नमुना विद्यालय सुधार गुरुयोजना अन्तर्गत अनुसुचि ११ मा उल्लिखित विद्यालयहरुको लागि सम्बन्धित स्थानीय तहमा रू १ करोड पठाइएको र सो रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउदा हालसम्मको कार्य प्रगति तथा सम्पादन हुने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई उपलब्ध गराउने व्यवस्था छ ।अनुदान उपलब्ध गराउदा बिद्यालय र स्थानीय तहबीच सम्झौता गरी पहिलो पटक ५० प्रतिशत र बाँकी रकम कार्य प्रगतिको आधारमा उपलव्ध गराउने ब्यवस्था छ । तर यो व्यवस्था भन्दा फरक गरी शिक्षा मानव स्रोत विकास केन्द्रको मिति २०७८।३।१५ को पत्रले स्थानीय तहलाई नमुना बिद्यालयको उक्त सम्पूर्ण अनुदान रकम सम्बन्धित विद्यालयको खातामा निकासा गरी लेखापरीक्षण समेत विद्यालयबाटै हुने निर्देशन भएको छ । सोही अनुरुप उपर्युक्त कार्यक्रम पुस्तिकाको व्यवस्था अनुरुप कार्य प्रगतिको आधारमा निकासा नभई पुरै रकम रू. १ करोड ५० लाख यस पालिका अन्तर्गतको सत्यावादी माध्यामिक बिद्यालयलाई निकासा गरिएको छ । जसको प्रमाण कागजात लेखापरीक्षणको लागि पेश भएन । विद्यालयको संस्थागत तथा जनशक्ति व्यवस्थापनको आधारमा ठूलो रकमको लेखापरीक्षण समेतको जिम्मा बिद्यालयलाई दिदा वित्तीय जोखिम बढ्न सक्ने देखिएकोले निर्दिष्ट कार्यमा विधिवत प्रक्रिया पुर्याई खर्च भए नभएको सम्बन्धमा विद्यालयलाई जिम्मेवार बनाई स्वतन्त्र लेखापरीक्षण हुनु पर्ने भएकोले लेखापरीणको लागि पेश हुनुपर्ने रू | १५,०००,००० |
| ७० | | | **दरबन्दि भन्दा बढी कर्मचारी-**<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा स्वीकृत गरिएको गाउँपालिका तथा नगरपालिकाको स्वास्थ्य कर्मचारीको दरबन्दी विवरण अनुसार यस नगरपालिका अन्तर्गत स्वास्थ्य तर्फ ३१ जनाको दरबन्दी स्वीकृत भएको नगरपालिका अन्तर्गत आर्थिक वर्ष २०७७।७८ को साउन देखि फाल्गुणसम्म चौथो तहका ३ जना र चैत्र देखि पाचौँ तहका ९ जना समेत १२ जना दरबन्दी भन्दा बढी कर्मचारीलाई बार्षिक रु. १९५०४०६।- थप व्ययभार पारेको रकम अनियमित देखिएको नियमित हुनु पर्ने रू. | १,९५०,४०६ |
| ७१ | | | **आमा सुरक्षा कार्यक्रम व्यक्ति करार-**<br>संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको आर्थिक वर्ष २०७७।७८ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वियन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । कार्यक्रम सञ्चालन मार्गदर्शनको सि.नं.२.१ अनुसार स्थायी अनमी कार्यरत वर्थिङ सेन्टरमा महिनामा प्रति अनमी औसत ५ वा सो भन्दा कम प्रसुति भएको खण्डमा त्यस्ता वर्थिङ्ग सेन्टरमा करारको अ.न.मी. खटाउन नपाउने व्यवस्था छ । नगरपालिकाको कैलास स्वास्थ्य चौकी (बार्षिक २१ जना) र सुवेडा स्वास्थ्य चौकी (वार्षिक ४२ जना) मा वार्षिक ६० भन्दा कम अर्थात मासिक औषत ५ भन्दा कम प्रसुति हुने गरेको तथ्याङ्क रहेको छ । नगरपालिकाले उल्लेखित संस्थामा समेत अनमी करारमा खटाइ तलब बार्षिक रु.९७६०००।- भुक्तानी गरेको छ । मार्गदर्शनले तोकेको प्रक्रियाका आधारमा मात्र खर्च लेख्नुपर्दछ । | |
| ७२ | | | **गोश्वारा भौचर संलग्न नभएको-** | १००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | २३९, आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६-३_ मा कारोबारको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । शसर्त चालु कार्यक्रम बमोजिम कमलराज जोशीले पेश्की फछ्र्योट गरेको रकम भुक्तानीको गोश्वारा भौचर, बिल भर्पाइ बिना भुक्तानी भएकोले आवश्यक प्रमाण कागजात पेश गर्नु पर्ने रू. | |
| ७३ | | | **औषधि खरिद-**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले कोटेशन माग गरी त्यसैको आधारमा औषधि आपूर्तकसंग सम्झौता नै नगरी देहायबमोजिम रु.९९६५६६।- बराबरको औषधि तथा औषधिजन्य सामाग्री सोझै खरीद गरेको छ ।<br>**भौ.नं. र मिति** / **आपूर्तिकर्ता** / **रकम** / **कैफियत**<br>१६-२०७७।७।४ / यसोधा फार्मेसी / ४९७२११.० / संघ शसर्त तर्फ<br>७४-२०७७।११।२५ / ड्रग सेन्टर धनगढी / ४९९३५५.० / संघ शसर्त तर्फ<br>३९-२०७८।२।२८ / सान्वी मेडिसिन सप्लायर्स / ९८१४६६.० / प्राकृतिक विपद व्यवस्थापन<br>जम्मा / / १९७८०३२.० /<br>औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गर्न सकिदैन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ७४ | | | **बैठक भत्ता-**<br>अर्थ मन्त्रालयबाट जारी गरीएको कार्यसञ्चालन निर्देशिका, २०७५ को बुँदा नं. ७.१.१ तथा अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा कार्यालय समयमा तथा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा बैठक भत्ता वितरण गर्न नहुने व्यवस्था रहेकोमा नगरपालिकाले देहायबमोजिम बैठक भत्ता वितरण गरेको पाइएकोले वितरित भत्ता रकम असुल गरी दाखिला गर्नुपर्ने रू. | १६७,२८० |

| भौ.नं. र मिति | कार्यक्रम | सहभागी संख्या | १५ % कर बाहेकको रकम | कैफियत |
|---|---|---|---|---|
| ३१-२०७७।८।२१ | उघु उद्यम विकास कार्यक्रम | ११ | ३४६८० | कर्मचारी मात्र |
| १७२-२०७८।३।१६ | उद्योग विकास समिति | १० | ४८४५० | पदाधिकारी तथा कर्मचारी |
| २३३-२०७८।३।३० | स्थानीय पाठ्यक्रम निर्माण समिति | १४ | ३४८५० | कार्यालय समय भित्र तथा कार्यालयका कर्मचारी मात्र |
| १४१-२०७८।२।२३ | अनलाइन तथ्यांक व्यवस्थापन सम्बन्धी पुनर्ताजकी तालिम | कार्यालयका २३ जना सहभागी तथा सुचना अधिकृत सुमन बोगटी प्रशिक्षक | ४९३००।- | कर्मचारी मात्र सहमागी र कर्मचारीले नै दिएको तालममा भत्ता वितरण |
| जम्मा | | | १६७२८० | |

७५ **परामर्श सेवा-**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले नगर पाश्वचित्र निर्काणको लागि परामर्श सेवाको खरिदमा गर्दा सोझै खरिद गरी रु. १४०००००।- खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

७६ **अधुरो आयोजना-**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले निम्नानुसार १५ वटा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौतामिति | सम्पन्न गर्नुपर्ने मिति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | Prefab Hall Construction | Jayalaxmi Nirman Sewa | 2077.09.05 | 2077.12.31 | 90% |
| @ | Ward No. 3 healthpost Construction Work | Munal Construction | 2077.10.21 | 2078.03.15 | 70% |
| # | Pankot Nagarkot Rajkot Mortoli road upgrading work | DPG Nirman Sewa | 2078.01.16 | 2078.03.15 | 90% |
| $ | Cold strore Construction Work | Barma Betal Nirman Sewa | 2078.01.24 | 2078.03.15 | 0% |
| % | Lauthichhada Water Supply Construction Work | Munal Construction | 2078.01.19 | 2078.03.15 | 0% |
| ^ | Bal aasram Bhawan tatha Compound Constrction work | Jayalaxmi Nirman sewa | 2078.01.16 | 2078.03. 15 | 90% |
| & | Khuddiun Irrigation Canal Construction work | Mahendra Nirman Sewa | 2078.02.26 | 2078.03.25 | 0% |
| * | Lauthichhada Water Supply Construction Work | Surmasarobar Nirman Sewa | 2078.03.08 | 2078.03.28 | 90% |
| ( | Bus Park Construction Work(Staircase) | Sanjeebani Nirman Sewa | 2078.03.18 | 2078.03.28 | 0% |
| !) | Chulitika View Tower Construction work | Saharsalinga Nirman sewa | 2078.03.17 | 2078.03.28 | 0% |
| ११ | Dumping Side Construction work | BLB Construction | 2078.03.13 | 2078.03.27 | 0% |
| १२ | Ward No. 1 ward Office Building Construction work | Aasraya Developer | 2076.03.06 | 2078.03.31 | |
| १३ | Ward No. 2 ward Office Building Construction work | Munal Construction | 2076.03.08 | 2078.03.31 | |
| १४ | Ward No. 11 ward Office Building Construction work | Aasraya Developer | 2076.03.06 | 2078.03.31 | |
| १५ | Mad Water Supply Construction work | Jayalaxmi Nirman Sewa | 2077.02.30 | 2078.02.30 | |

७७ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, सिचाइ कुलो मर्मत, फिल्ड निर्माण, बृक्षरोपण घेरावार निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २८७ जनालाई रोजगारी उपलव्ध गराई रु.१४६५११३१।- खर्च गरेको छ । लक्षित वर्गलाई ८५ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ७८ | | | **सहकारीको गाडि मर्मत-**<br>३९१।२०७८।२।१४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले वडा न ६ कार्यालयको पानी तथा विजुली शिर्षक अन्तर्गत छुट्याइएको रकम मध्ये रु ३६००००.० आमधारा नौरा कृषि सहकारी संस्था लि को गाडी मर्मतको लागि निकासा दिएको पाइयो । कार्यलयको कार्यक्षेत्र भन्दा बाहिरको सहकारी संस्थाको गाडी मर्मत गर्ने कानूनी आधार नभएकोले खर्च गर्ने कर्मचारीलाई जिम्मेवार बनाई सम्बन्धित सहकारी संस्थाबाट असुल गरिनुपर्ने रू. | ३६०,००० |
| ७९ | | | **पारिश्रमिक कर-**<br>आयकर नियमावली, २०५९ को नियम ३१ मा कर्मचारीको वार्षिक पारिश्रमिकमा लाग्ने करको दामासाहीको हिसावले मासिक रुपमा अग्रिम रुपमा कर कट्टा गर्नु पर्ने व्यवस्था छ । त्यस्तै ऐनको अनुसूची १ बमोजिम करको दर निर्धारण गरी कर कट्टी गरी पारीश्रमिक भुक्तानी गर्नुपर्नेमा कार्यालयले देहायका कर्मचारीहरुको पारिश्रमिक भुक्तानीमा पारिश्रमिक अग्रिम कर कट्टा गर्दा नपुग कर कट्टा गरेको देखिएकोले निम्नानुसार पारिश्रमिक कर असूल गरी दाखिला गर्नुपर्ने रु. | १९,६१६ |

| पद | कर्मचारीको नाम | वार्षिक तलब भत्ता | जम्मा कट्टी र छुट (दुर्गम छुट र अन्य) | कर योग्य आय | जम्मा कर | भुक्तानी गरेको कर | बाँकी कर |
|---|---|---|---|---|---|---|---|
| इन्जिनियर | लाल ब. थापा | ७१६३२२ | ४९०००० | २२६३२२ | ३१२६४ | २२६०४ | ८६५६ |
| आ ले प अधिकृत | लाल ब. खाति | ६३१३६२ | ४९०००० | १४१३६२ | १४२७२ | ११११२ | ३१६० |
| म वि अधिकृत | टिटा मगर | ५९३२०२ | ४९०००० | १०३२०२ | १५१४० | ६०४८ | ९०९२ |
| सहायक स्तर पाँचौ | कुम्भ ब. खाती | ५६१०८० | ४९०००० | ७१०८० | ११६०८ | ३९०० | ७७०८ |
| जम्मा | | | | | | | १९६१६.० |

८० **हाते मिनि ट्याक्टर खरिद-**

८८।२०७७।७।२७, ३११।२०७७।१२।६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी पाँचलाख भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा सस्था बाट सोझै खरिद गर्न नसकिने उल्लेख छ । यस पालिकाले किसानहरुका लागि ६० प्रतिशत अनुदानमा कृषकहरुलाई मिनि टेलर खरिद गरि वितरण गर्ने कार्य गर्दा तीनवटा फर्महरुसँग कोटेसन माग गरि सोझै खरिद गरेको छ । प्रतिस्पर्धा सिमित हुनेगरि गरिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| खरिद मिति | विक्रेताको नाम | परिमाण | मुल्य |
|---|---|---|---|
| २०७७।७।२१ २०७७।११।१२ | गोदावारी एग्रो एण्ड मेनेजमेन्ट | ७ वटा | ८४००००.० |
| | गोदावरी एग्रो एण्ड मेनेजमेन्ट | ८ वटा | ९६००००.० |
| २०७७।७।२१ | सिद्ध रिद्धि एग्रोभेट एण्ड मेसिनरी | २वटा | २४००००.० |
| २०७७।७।१८ | सिद्ध रिद्धि एग्रोभेट एण्ड मेसिनरी | १२ | १४४००००.० |

८१ **गाडी भाडा भुक्तानी-** ११९,५००

<table>
<tr><td></td><td></td><td></td><td>५५४।२०७८/३/२१ प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३७(३) अनुसार खर्चको विलभरपाई वा खर्च पुष्टिको आधार प्रमाण संलग्न राखि बजेट खर्च गर्नुपर्नेमा, यस पालिकाको ११ नं वडाले वडा कार्यालय व्यवस्थापन शिर्षकबाट से १ च २१०६ नं को गाडी प्रयोग बापत रु ११९५००.० भुक्तानि गरेको पाइयो । उक्त गाडी प्रयोगको प्रयोजनका लागि अवधि स्पष्ट समेत नभएको अवस्थामा खर्च लेखेकोकाले उक्त खर्च लेख्नुपर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गरिनुपर्ने रु</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>विल भर्पाई-<br>प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३७(३) अनुसार खर्चको विलभरपाई वा खर्च पुष्टिको आधार प्रमाण संलग्न राखि बजेट खर्च गर्नुपर्नेमा, यस पालिकाले विभिन्न मितिमा कृषकहरुकालागि हाते मिनि ट्याक्टर र विभिन्न फलफुलका विरुवाहरु खरिद पश्चात दाखिला पनि नगरेको र वितरण गरेको भर्पाइ समेत नभएकोले वितरण गरेको प्रमाण पेश गर्नु पर्ने ।
<table>
<tr><th>खरिद मिति</th><th>सामाग्री</th><th>संख्या</th><th>मुल्य</th></tr>
<tr><td rowspan="2">३११।२०७७/१२/६</td><td rowspan="3">मिनिटेलर</td><td>८ वटा</td><td>९६००००.०</td></tr>
<tr><td>२वटा</td><td>२४००००.०</td></tr>
<tr><td>३५५।२०७८।१।१३</td><td>३ वटा</td><td>२९००००.०</td></tr>
<tr><td rowspan="5">३०८।२०७७।११।६</td><td>ओखर विरुवा</td><td>१००० वोट</td><td rowspan="5">१२०७८०.०</td></tr>
<tr><td>आरु विरुवा</td><td>४५० वोट</td></tr>
<tr><td>नासपाती विरुवा</td><td>२४० वोट</td></tr>
<tr><td>कुलम</td><td>४० वोट</td></tr>
<tr><td>नासपाती कलमी</td><td>१५० वोट</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१५५०७८०.०</td></tr>
</table></td><td>१,५५०,७८०</td></tr>
<tr><td>८३</td><td></td><td></td><td>सभा सदस्यलाई आर्थिक सहयोग-</td><td></td></tr>
</table>

स्थानीय तहले गरिब घर परिवारको पहिचान गर्ने र त्यस्ता गरिव घरपरिवारको लगत राखि आम्दानीको नियमित श्रोत नभएका घर परिवारलाई जिविको पार्जनका लागि आवश्यक सहयोग गर्नुपर्दछ । यस पालिकाले उक्त कार्य नगरि कार्यपालिकिय र वडा स्तरिय निर्णयबाट विभिन्न समयमा विभिन्न व्यक्तिहरुलाई आर्थिक सहयोग स्वरुप रकम उपलब्ध गराउने गरेको पाइयो । उदाहरणका रुपमा यस पालिकाले निर्वाचित पदाधिकारी मध्येकै एक जना सदस्य उर्मिला चित्रकारलाई निम्न भौचरबाट निम्न रकम जीविको पार्जनको लागि सहयोग गरेको पाइयो । आर्थिक सहयता वितरणको मापदण्ड तय गरी सोही अनुसार यस्ता खर्चमा नियन्त्रण कायम गर्नु पर्दछ ।

| **भौ नं/ मिति** | **सहायता रु** |
|---|---|
| ९५।२०७७/७/२७ | १००००००.० |
| २२९।२०७७/११/१७ | २५०००.० |
| जम्मा | १२५०००.० |

८४ **प्रशिक्षक भत्ता-** २०,५७०

११४।२०७७/८/१७ नेपाल सरकार अर्थमन्त्रालयले जारी गरेको कार्यक्रम संचालन निर्देशिका २०७५ को नियम ७.१.१५मा तालिम केन्द्र बाहेकको अन्य निकायबाट सञ्चालित सबै प्रकारका गोष्ठि/सेमिनार/तालिममा श्रोत व्यक्ति वा प्रशिक्षकको पारिश्रमिक बापत स्थानीय स्तरमा अधिकृत स्तरको तालिममा कार्यपत्र बापत रु १००० र प्रशिक्षण बापत रु ४०० गरि जम्मा रु १४००.० मात्र दिन मिल्ने उल्लेखछ । यस पालिकाले २०७७/६/१५ देखि सोही महिनाको २० गते सम्म सञ्चालित महिला हिंसा छाउपडी प्रथा तथा बालविवाह न्यूनिकरण तालिम प्रशिक्षण गरेबापत निम्न उल्लेखित प्रशिक्षकहरुलाई तोकिए भन्दा बढी दरमा भत्ता भुक्तानि भएकाले वढी भुक्तानि भएको भत्ता सम्बन्धित बाट असुल गरिनुपर्ने रु

| प्रशिक्षक | भुक्तानि भएको दर | जम्मा रु (कर कट्टि सहित) | बढी भुक्तानि भएको रु |
|---|---|---|---|
| देवकी सिंह खड्का (११ सेशन) | २५०० | २३३७५.० | १०२८५.० |
| कविता सुवर्णकार | २५०० | २३३७५.० | १०२८५.० |
| जम्मा | | | २०५७०.० |

८५ **सम्झौता विपरित रकम भुक्तानी-** १९,५००

| | | | | |
|---|---|---|---|---|
| | | | ३४४।२०७७/१२/२९ यस पालिका र कोपिला महिला सहकारी संस्था विच सहकारी व्यवस्थापन र ऋण परिचालन सम्बन्धी तालिम सञ्चालन गर्ने सहमति भएको र उक्त सहकारीले उक्त तालिम सम्पन्न भए पश्चात पेश गरेको विल भरपाइमा सम्झौतामा उल्लेख नगरिएको निम्न सामाग्रीहरु खरिद गरि भुक्तानि लिएको देखिन्छ । सम्झौता विपरितको सामाग्री खरिद गरिएको रकम सम्बन्धित सहकारीबाट असुल गरिनुपर्दछ रु | |

| सामाग्रि | संख्या | मुल्य |
|---|---|---|
| स्टील दराज | १ | १२०००.० |
| प्लाष्टिक कुर्सि | १० | ७५००.० |
| जम्मा | | १९५००.० |

| | | | | |
|---|---|---|---|---|
| ८६ | | | **नागरिकता नभएकोलाई सामाजिक सुरक्षा भत्ता-**<br>सामाजिक सुरक्षा नियमावली, २०७६ अनुसार सामाजिक सुरक्षा प्राप्त गर्न योग्य नेपाली नगरिकले नियमावलीको अनुसूची १ अनुसारको वैयक्तिक विवरण भरी निवेदन पेश गर्नुपर्ने उल्लेख छ । अनुसूची १ अनुसार लाभग्राहीको नाम, ठेगाना, नागरिकता लगाएतको विवरण भर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस आर्थिक वर्षमा नागरिकता प्राप्त गर्ने उमेर पुगेका तर नागरिकता नम्बर नभएका ९४ जनालाई भत्ता वितरण गरी बार्षिक रु.३४८२४००।– खर्च लेखेको छ । उक्त व्यक्ति वास्तविक रुपमा भत्ता प्राप्त गर्न योग्य हुन वा होइनन् छानविन गरी लाभग्राही विवरण अध्यावधिक गर्नुपर्ने रु. | ३,४८२,४०० |
| ८७ | | | **तेस्रो चौमासिक निकासाको विवरण बैंकले पेश नगरेको-**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १०(४) अनुसार बैकिंक प्रमालीबाटसामाजिक सुरक्षा भत्ता वितरण गरिएकोमा सम्बन्धित व्यक्तिको खातामा रकम जम्मा गरेको प्रमाणको अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षको तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता देहायबमोजिम बैंक मार्फत वितरण गर्ने गरी सम्बन्धित बैंकको नाममा रु.२३४३७८३२.० निकासा गरेकोमा कति लाभग्राहीको खातामा रकम जम्मा भयो तथा कति रकम वैंकबाट फिर्ता हुनुपर्ने हो सो को विवरण संलग्न गरि भत्ता वितरण भएको एकिन गर्नुपर्दछ । | |

| भौ.नं. | बैँक | वडा नं. | रकम |
|---|---|---|---|
| ३५ | नेपाल बंगलादेश बैँक लि. | १ | १९८९७३५.० |
| ३७ | | ३ | २५५७५७५.० |
| ३८ | | ४ | १३८५२७१.० |
| ३६ | सिटिजन्स बैंक इन्टरनेशनल लि. | २ | ९४०९२३.० |
| ३९ | | ५ | २१८२८८६.० |
| ४१ | | ७ | ३५९९८१६.० |
| ४० | महालक्ष्मी विकास बैंक | ६ | २१५३५४४.० |
| ४२ | | ८ | १८२४९१६.० |
| ४३ | सनराइज बैँक | ९ | १२५०४४५.० |
| ४४ | | १० | २२२२४२०.० |
| ४५ | ग्लोवल आइ.एम.इ. बैंक लि. | ११ | ३३३०३०१.० |
| | जम्मा | | २३४३७८३२.० |

| | | | | |
|---|---|---|---|---|
| ८८ | | | **समिति गठन-**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद् व्यवस्थापन समिति गठन गरेको छैन । | |
| ८९ | | | **कार्य योजना-** | |

| | | | | |
|---|---|---|---|---|
| | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ९० | | | **विपद व्यवस्थापन कोष-**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. १८३३५३८१.३३ आम्दानी भई रु.११२०५७३६.२० खर्च गरी बाँकी रु. ७१२९६४५.१३ देखिन्छ । पालिकाले खर्च मध्ये रु.११२०५७३६.२० भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको/नियम बनाएको/कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९१ | | | **बार्षिक प्रतिवेदन-**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण,उपयोग तथा हक हस्तान्तरण-**<br>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br>**९२.१** पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ९३ | | | **कोभिड १९ तर्फ-**<br>आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| **आम्दानी स्रोत** | **रकम रु** | **खर्च शिर्षक** | **रकम रु** |
|---|---|---|---|
| गत बर्षको बाँकी | ७२७३३०६.३३ | राहत वितरण | ० |
| स्थानीय तहको आफ्नै वजेटवाट | १००००००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ४५८६३८६.२ |
| संघीय कोभिड कोषवाट | १०६२०७५ | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ४७७६०४३ |
| प्रदेश कोभिड कोषवाट | ० | आइसोलेसन केन्द्र निर्माण | ० |
| अन्य स्रोतबाट | ० | खोप कार्यक्रम खर्च | ० |
| | | जोखिम भत्ता | ० |
| | | प्रशासनिक खर्च | ० |
| | | जनशक्ति परिचालन | १८४३३०७ |
| | | वाँकी | ७१२९६४५.१३ |
| **जम्मा** | **१८३३५३८१.३३** | | **१८३३५३८१.३३** |

| | | | | |
|---|---|---|---|---|
| ९४ | | | **क्वारेन्टाइन सहयोगी खर्च-**<br>नगरपालिकाले क्वारेनटाइन सहयोगी ४ जनालाई करारमा राखी तलब, महंगी भत्ता स्थानीय भत्ता र संचार खर्च गरी मासिक रु.२८२००।– का दरले जम्मा रु.५७८०००।– खर्च लेखेको छ । जसमध्ये बर्षा रावल र लक्ष्मी कुमारी खड्काको कार्तिक महिनाको तलब भत्ता रकम दोहोरो परेकोले दोहोरो रकम रु.५७८००।– सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ५७,८०० |
| ९५ | | | **विल भर्पाई वेगर खर्च-**<br>३-२०७७।६।२९, आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा कुनै पनि सरकारी कारोबारको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले कोरोना नियन्त्रण सम्बन्धी खर्च कार्यक्रमको लागि कुमारी हिरा भट्टलाई रु.१२६०००।– भुक्तानी दिएकोमा खर्च सम्बन्धी आवश्यक कागजात तथा विलभर्पाइ संलग्न नभएकोले विल भर्पाइ पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | १२६,००० |

९६

**सामाग्री व्यवस्थापन-**

क्वारेन्टाइन र आइसोलेशन व्यवस्थापनको लागि नगरपालिकाले क्वारेन्टाइन र आइसोलेशन केन्द्रको लागि देहायबमोजिम सामाग्री खरीद गरेकोमा कार्यालयको खर्च भएर नजाने जिन्सी खातामा पनि सामाग्री नजनाएको तथा हाल उक्त केन्द्र पनि हटाइसकेको अवस्थामा सामाग्रि व्यवस्थापन नभएको देखिएकोले सामाग्रीको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ ।

| भौ.नं. | सामाग्री | संख्या | रकम |
|---|---|---|---|
| ५-२०७७।७।३ | हिलटेक ट्यांकी | ७ | ८३५००.० |
| ४४-२०७८।३।१८ | वेड फोल्डिङ्ग | १५ | ३९७४७७.० |
| | म्याट्रेस | १५ | ७६४४५.० |
| जम्मा | | | ५५७४२१.० |

९७

**कोभिड १९ जोखिम भत्ता-**

कोभिड जोखिम भत्ता कार्यालयका स्वास्थ्य कर्मचारी र अन्य गरी देहायबमोजिम वितरण गरेको पाइयो ।

| भौ.नं. र मिति | भत्ता लिनेको विवरण | रकम |
|---|---|---|
| १८-२०७७।७।५ | स्वास्थ्य तर्फका ३ जना सहित जम्मा १५ जना | ३३९३७८.० |
| ३२-२०७७।१२।५ | स्वास्थ्य तर्फका ५ जना सहित २२ जना | ८६४२०६.० |
| ३३-२०७७।१२।५ | प्रमुख प्रशासकीय अधिकृत सहित ४ जना स्वास्थ्य सेवा भन्दा वाहिरका कर्मचारी | २६५९७५.० |
| | जम्मा | १४६९५५९.० |

९८

**पदाधिकारीलाई पेश्की-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(१) मा खर्च गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुने र ७३(२) मा प्रमुख प्रशासकिय अधिकृतले शाखा प्रमुख र वडा सचिवलाई सो अख्तियारी प्रत्यायोजन गर्न सक्ने उल्लेख छ ।यस पालिकाले निम्न उल्लेखित पदाधिकारीहरुलाई विभिन्न समयमा विभिन्न शिर्षक

<table>
<tr><td></td><td></td><td></td><td>अन्तर्गत पेश्की दिएको पाइयो । खर्च गर्ने अख्तियारी प्राप्त व्यक्तिलाई मात्र पेश्की दिन मिल्नेमा असम्बन्धित व्यक्तिलाई पेश्की दिन मिल्ने नदेखिदैन ।कानूनको पालन हुनु पर्दछ ।
<table>
<tr><td>पदाधिकारी</td><td>शिर्षक</td><td>रकम रु</td></tr>
<tr><td>वडा अध्यक्ष श्री डम्मर ब. सिंह</td><td>विविध कार्यक्रम खर्च</td><td>१००००००.०</td></tr>
<tr><td>वडा अध्यक्ष हरिचन्द्र जोशी</td><td>विविध कार्यक्रम खर्च</td><td>१८०००००.०</td></tr>
<tr><td>वडा अध्यक्ष हरिचन्द्र जोशी</td><td>विविध कार्यक्रम खर्च</td><td>४५०००.०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२५०००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९९</td><td></td><td></td><td>पेश्की बाँकी-<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।</td><td>४,१२५,०००</td></tr>
</table>

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| **पदाधिकारी** | | | |
| वडा अध्यक्ष श्री डम्मर ब. सिंह | विविध कार्यक्रम खर्च | १०००००.० | |
| वडा अध्यक्ष हरिचन्द्र जोशी | विविध कार्यक्रम खर्च | १८००००.० | |
| वडा अध्यक्ष हरिचन्द्र जोशी | विविध कार्यक्रम खर्च | ४५०००.० | |
| **कर्मचारी** | | | |
| सहायक कम्भराज सुवेदी | मसलन्द तथा कार्यालय सामाग्री वडा कार्यालय | १०००००.० | |
| सहायक करन वहादुर कामी | | १०००००.० | |
| सहायक श्री कल्पना जोशी | | १०००००.० | |
| सहायक श्री धर्मराज जोशी | | १०००००.० | |
| सहायक श्री विरेन्द्र बहादुर शाही | | १०००००.० | |
| सहायक श्री महेश्वरी विष्ट | | १०००००.० | |
| सहायक श्री इन्द्र बहादुर वोहरा | | १०००००.० | |
| सहायक श्री हिराबहादुर ओली | | १०००००.० | |
| सहायक श्री कवीन्द्र ब. घर्ती | | १०००००.० | |
| सहायक श्री कुम्भराज सुवेदी | | १०००००.० | |

| | | | |
|---|---|---|---|
| सहायक श्री करन बहादुर कामी | | १००००००.० | |
| सहायक कल्पना जोशी | | १००००००.० | |
| सहायक श्री धर्मराज जोशी | | १००००००.० | |
| सहायक श्री निलम कुमारी जोशी | | १००००००.० | |
| सहायक श्री प्रदीप प्रसाद कर्मी | | १००००००.० | |
| सहायक श्री वीरेन्द्र बहादुर शाही | | १००००००.० | |
| सहायक श्री महेश्वरी विष्ट | | १००००००.० | |
| सहायक श्री हिरा बहादुर ओली | | १००००००.० | |
| सहायक श्री प्रदीप प्र. कुर्मी | | १००००००.० | |
| सहायक श्री धर्मराज जोशी | | १००००००.० | |
| सहायक श्री निलक कुमारी जोशी | बडा कार्यालय व्यवस्थापन सूचना तथा संचार मोटरसाइकल मर्मत | १००००००.० | |
| **ठेकेदार** | | | |
| डी.पी.जी. निर्माण सेवा तथा सप्लायर्स प्रा.ली. | पानकोट, नगरकोट, राजकोट, मोर्ताली सडक स्तरोन्नती कार्य | | ४००००००.० |
| महेन्द्र निर्माण सेवा | खुडिउन पडेस सिचाइकुलो जनपा २ र ३ | | ३९७७८६.० |
| सहश्रलिंग निर्माण सेवा | चुलीटिका भ्यू टावर | | २२०००००.० |
| | | | |



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| मुनाल कन्स्ट्रक्सन | लौठीछडा खानेपानी निर्माण | | ४०००००.० |
| **संस्थागत** | | | |
| चैनपुर स्वास्थ्य चौकी | वडास्तरीय घुम्ति सिविर सञ्चालन | १०००००.० | |
| महिला सुरक्षित आवास गृह भवन सेफ हाउस उ.स. | महिला सुरक्षित आवास निर्माण | १००००००.० | |
| जम्मा | | ४१२५०००.० | ७१७७८६.० |

१०० **गत आर्थिक बर्ष सम्मको पेश्की बाँकी-** ६४५,३००

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको खर्च प्रमाणित गर्न कागजात विल, भर्पाई र कागजातसहित पेश्की फर्छ्यौट लागि निवेदन दिनु पर्ने र सम्बन्धित कार्यालयले निवेदन प्राप्त भएको सात दिनभित्र पेश्की फछ्यौंट गरिसक्नुपर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५१ अनुसार तोकीएको म्यादभित्र पेश्की फछ्यौंटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतले व्याज समेत लगाई असुल गर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षसम्मको पेश्की बाँकी यो वर्ष अल्या गरेकोमा देहायबमोजिमको उक्त पेश्की फछ्यौंट हुन बाँकी रहेको देखियो । जसमध्ये रु. ६४५३०० ०.० म्याद नाघेको पेश्की बाँकी रहेको छ । अत म्याद नाघेको पेश्की रकममा प्रति वर्ष थप १० प्रतिशत व्याज समेत असुल गरी पेश्की फछ्यौंट गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| पेश्कीको प्रकार | नाघेको | म्यादननाघेको |
|---|---|---|
| पदाधिकारी | १८३१०००.० | ० |
| कर्मचारी | ९९५५००.० | ० |
| संस्थागत | ३२२७५००.० | ७७६५०१.० |
| उपभोक्तासमिति | 0 | ३३४००००.० |
| व्यक्तिगत | ३९९०००.० | ० |
| आपुर्तिकर्ता | ० | ३८४०००.० |
| जम्मा | ६४५३०००.० | ४५००५०१.० |

| | | | | |
|---|---|---|---|---|
| १०१ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजु-**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फर्स्यौट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फर्स्यौट नभएकोले नियमानुसार फर्स्यौट हुनु पर्दछ ।<br>**सामाजिक सुरक्षा दोहोरो निकासाः-** विभिन्न वडाका वडा सचिवहरुले एउटै नाम र ना.प्र.नं. मा दोहोरो देखिने गरी वडा नं. १ प्रदिव प्रसाद कुर्मी बालपोषण भत्ता बालकृष्ण जोशीलाई रु.१६००।– तथा वडा नं. ११ का सचिव कविन्द्र बहादुर घर्तिले बालपोषण भत्ता आदित्य प्रसाद जोशिलाई रु. १२००।– र जेष्ठ नागरिक किट्टी देवी जोशीलाई दोहोरो रु.१२०००।– भुक्तानी भएको देखिएकोले दोहोरो नभएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल दाखिला गर्नुपर्ने रु. | १४,८०० |
| १०३ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ९६३३२ | २८१६९ | ६८१६३ |

१०४ सम्परीक्षण

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७५।७६ | ७३ | गोरखराज जोशी पे.फ. | | | | १७०५००० | १७०५००० |
| २ | | ७३ | आश्रिया डेभलपर्स प्रा.लि. पे.फ. | | | | ४०००००० | ४०००००० |
| ३ | | ७३ | मुनाल कन्ष्ट्रक्सन पे.फ. | | | | १०७४००० | १०७४००० |
| ४ | | ७३ | नारायण मा.वि. पिमी पे.फ. | | | | १८००००० | १८००००० |
| ५ | २०७६।७७ | ४२ | कुम्भ वहादुर खातिले भर्पाइ पेश गरेको | | १०५००० | | | १०५००० |
| ६ | | | धर्मराज जोशी जिन्सी दाखिला र अग्रिम आयकर दाखिला | १२७५ | ८३७२५ | | | ८५००० |
| ७ | | ५५ | पावर ट्रेलर खरिद प्रमाण पेश | | १३००००० | | | १३००००० |
| ८ | | ७४ | सुरक्षित नागरिक आवास प्रमाण पेश | | ९१९००० | | | ९१९००० |
| | | ७६ | वाल विकास निमाविबाट असुल दाखिला | ३८००७ | | | | ३८००७ |
| | | ९५ | प्रतासा सिचाइकुलो निर्माण पे.फ. | | | | ९३०००० | ९३०००० |
| | | | ज्वाडा सिँचाइ कुलो निर्माण पे.फ. | | | | ९००००० | ९००००० |
| | | | नाननदेव आ.वि. पे.फ. | | | | ११४१४३४ | ११४१४३४ |
| | | | बालमन्दिर आ.वि. पे.फ. | | | | १६००००० | १६००००० |
| | | | नमुना आ.वि. पे.फ. | | | | १६००००० | १६००००० |
| | | | भवानी सा.प्रा.वि. पे.फ. | | | | २५०००० | २५०००० |
| | | | सनिपिपलचौर मा.वि. पे.फ. | | | | ७००००० | ७००००० |
| | | | जनजागृती आ.वि. पे.फ. | | | | १६००००० | १६००००० |
| | | | भैरव प्रा.वि. पे.फ. | | | | १५००००० | १५००००० |
| | | | महिला कल्याण वचल तथा ऋण सहकारी पे.फ. | | | | २०००००० | २०००००० |
| | २०७६।७७ | ९५ | सिल्केडाँडा लुयाटा सडक निर्माण | | | | १५००००० | १५००००० |
| | | | कुलमष्टाजन प्रा.वि. पे.फ. | | | | १५००००० | १५००००० |
| | | | नगर उपप्रमुख पे.फ. | | | | २५००० | २५००० |
| | | | डम्बर बहादुर सिं पे.फ. | | | | २५००० | २५००० |
| | | | नरेन्द्र वहादुर सिंपे.फ. | | | | २५००० | २५००० |
| | | | गगन ब. खाति पे.फ. | | | | २५००० | २५००० |
| | | | दिपा हमाल पे.फ. | | | | १००००० | १००००० |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | धर्मराज जोशी पे.फ. | | | | १००००० | १००००० |
| | | | पदम थापा पे.फ. | | | | १२७००० | १२७००० |
| | | | भक्त वहादुर रोकाया पे.फ. | | | | ३३००० | ३३००० |
| | | | राजेन्द्र जोशी पे.फ. | | | | ४००००० | ४००००० |
| | | | कविन्द्र बहादुर घर्ती पे.फ. | | | | ९५०००० | ९५०००० |
| | | | करन ब.कामी पे.फ. | | | | ५०००० | ५०००० |
| | | | हंस भण्डारीबाट असुली | २०२५० | | | | २०२५० |
| | | | इन्द्र ब. वोहरा प्रमाण पेश | | ४१८५० | | | ४१८५० |
| जम्मा | | | | 59532 | २४49575 | | २५६६०४३४ | २८१६९५४१ |

१०५

अद्यावधिक वेरुजु

यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ९६६३२ | २८१६९ | ७६५८६ | ० | १४४७४९ |